# राष्ट्रिय विकास समस्या समाधान समितिको ४४ औं बैठकको प्रतिवेदन

नेपाल सरकार

## राष्ट्रिय योजना आयोग

सिंहदरबार

माघ २

# विषय-सूची


१. राष्ट्रिय विकास समस्या समाधान समितिको २०७५ माघ २ मा बसेको ४४ औं बैठकले गरेका निर्णयहरु..................१

२. राष्ट्रिय विकास समस्या समाधान समितिको ४४ औं बैठकको संक्षिप्त प्रतिवेदन ......................................२-७

३. आ.व. २०७५/७६ को प्रथम चौमासिकको प्रगति स्थिति..............................................................८-१०

४. राष्ट्रिय गौरवका आयोजनाहरुको आ.व. २०७५/७६ को प्रथम चौमासिकको प्रगति ....................................११-२१

५. पुनर्निर्माणसम्बन्धी प्रगति स्थिति ....................................................................................................२२–२३

६. राष्ट्रिय विकास समस्या समाधान समितिको ४३ औं बैठकका निर्णयहरुको प्रगति स्थिति...............................२४–२८

७.विभिन्न मन्त्रालयहरूवाट राष्ट्रिय विकास समस्या समाधान समितिमा प्रस्तुत गर्न प्रस्तावित समस्याहरू ............... २९–३३

८. आयोजनाहरुको स्थलगत निरीक्षण ......................................................................................३४–३८

९. मन्त्रालयस्तरीय विकास समस्या समाधान समितिको वैठक विवरण ........................................................ ३९

## १. राष्ट्रिय विकास समस्या समाधान समितिको ४४ औं बैठकका निर्णयहरु

१. योजना, बजेट र खर्च सम्वन्धी विषयमा संघ, प्रदेश र स्थानीय तहवीच सूचना आदान प्रदान नहुँदा कार्यक्रम तथा आयोजनाहरुको यथार्थ स्थिति विवरण प्राप्त हुन नसकेकोले योजना र बजेट सम्वन्धी विषयमा अन्तर प्रदेश परिषद्बाट निर्णय भएका विषयहरुको सम्वन्धित सवै निकायहरुले संघीयता कार्यान्वयन सहजीकरण कार्ययोजनाको समय सीमाभित्र कार्यान्वयन गर्ने ।

२. राष्ट्रिय नीति तथा कार्यक्रमले लिएको लक्ष्यहरु प्राप्त गर्न संघ, प्रदेश र स्थानीय तहबाट कार्य भईरहेको तर ती कार्यको प्रगति स्थितिको विवरण एकीकृत रुपमा आउने संयन्त्र नभएकोले कार्यक्रम कार्यान्वयन गर्ने सम्बन्धित संघीय मन्त्रालय र प्रदेश सरकारको सम्बन्धित मन्त्रालयको समन्वयमा २०७५ चैत्र मसान्तभित्र कार्यक्रमहरुको अद्यावधिक स्थिति विवरण लिने प्रणालीको विकास गर्ने ।

३. बहुवर्षीय ठेक्का लागेका कार्यक्रम/आयोजनाहरुको हालसम्म सिर्जित दायित्वको एकमुष्ट यकिन तथ्याङ्क तयार गरी विषयगत मन्त्रालयहरुले २०७५ चैत्र मसान्तभित्र राष्ट्रिय योजना आयोग र अर्थ मन्त्रालयलाई उपलब्ध गराउने ।

४. राष्ट्रिय गौरबको आयोजनाको रुपमा रहेको गौतमबुद्ध अन्तर्राष्ट्रिय विमानस्थल आयोजनाको लागि आवश्यक करिव ७ लाख घ.मि.माटो प्राप्त गर्न प्रदेश तहमा समेत कर तिर्नुपर्ने प्रावधानले आयोजना कार्यान्वयनमा समस्या परेकोले प्रदेश नं. ५ को सरकारले उक्त समस्या समाधानको लागि अविलम्व पहल गर्ने ।

५. काठमाडौ तराई/मधेस द्रुतमार्ग आयोजनाको लागि खोकना बुङमती क्षेत्रमा देखिएको जग्गा अधिग्रहण तथा मुआब्जा समस्या, त्यस क्षेत्रमा पुरातात्विक सम्पदाको अवस्थिति, एशियाली विकास बैंकबाट प्रस्तावित सुरुङमार्गलाई परिवर्तन गरी नयाँ स्थानमा सुरुङ बनाउनुपर्ने विषय, द्रुतमार्ग निर्माणमा संलग्न सैनिकलाई खाजा तथा जोखिम भत्ता सम्वन्धी विषयलाई सम्वोधन गर्न राष्ट्रिय योजना आयोगको समन्वयमा रक्षा मन्त्रालयले भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय, संस्कृति पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय, अर्थ मन्त्रालय र गृह मन्त्रालयको सहकार्यमा अविलम्व समाधान गर्ने ।

६. स्वदेशी उद्योगबाट उत्पादित वस्तु तथा सेवाले बजार नपाउने र व्यापार घाटाको दर वढ्दै गई आर्थिक परिसूचकमा नकरात्मक असर पर्न गएकोले सार्वजनिक खरिद ऐन, २०६३ तथा सार्वजनिक खरिद नियमावली, २०६४ मा रहेको प्रावधान बमोजिम सवै सार्वजनिक निकायहरुले स्वदेशी उद्योगबाट उत्पादित वस्तु तथा सेवाको उपयोगलाई प्राथमकिता दिदै संघ, प्रदेश र स्थानीय तहबाट स्वदेशी वस्तुको खरिद गर्ने र यस पक्षलाई आन्तरिक लेखापरीक्षण र अन्तिम लेखापरीक्षणको समयमा ध्यान दिने पद्धतिको विकास सार्वजनिक खरिद अनुगमन कार्यालयले अविलम्व गर्ने ।

७. मालपोत कार्यालयहरुको स्रेस्ता सुधारको लागि बजेटको समस्या रहेकोले ती कार्यालयहरुले उठाउने गरेको रजिष्ट्रेशन सेवा शुल्कको रकम प्रदेश र स्थानीय तहमा पठाउने गरेकोले मालपोत स्रेस्ता सुधारको लागि आवश्यक पर्ने रकमको व्यवस्था सम्वन्धित प्रदेश सरकारले अविलम्व गर्ने ।

८. खानी तथा भूगर्भ विभागबाट खानी रहेको भनी यकिन गरिएको वन क्षेत्रको जग्गामा खानी उत्खनन् कार्यमा उत्पन्न समस्या समाधान गर्न उक्त विभागबाट अन्वेषणात्मक कार्य गरी गुण र परिमाण यकिन गरिएको क्षेत्रलाई खानी क्षेत्र घोषणा गरी सो क्षेत्रमा वन पर्ने भए सोको भोगाधिकार खानी तथा भूगर्भ विभागलाई हस्तान्तरण गरी खनिज प्रयोगमा ल्याउने र खनिज उत्खनन कार्य सम्पन्न भएपछि पुर्नस्थापना गरी बनलाई हस्तान्तरण गर्ने गरी उद्योग, बाणिज्य तथा आपूर्ति मन्त्रालय र बन तथा वातावरण मन्त्रालयको सहकार्यमा निर्णय गर्ने ।

## २. राष्ट्रिय विकास समस्या समाधान समितिको ४४ औं बैठकको संक्षिप्त प्रतिवेदन

### २.१ बैठकको संक्षिप्त विवरण :

सम्माननीय प्रधानमन्त्री श्री के.पी. शर्मा ओलीज्यूको अध्यक्षतामा राष्ट्रिय विकास समस्या समाधान समितिको ४४ औं बैठक २०७५ माघ २ गते राष्ट्रिय योजना आयोगको सभाकक्षमा सम्पन्न भयो । बैठकमा माननीय उपप्रधानमन्त्री, माननीय मन्त्रीहरु, प्रदेश नं. १, प्रदेश नं. ३, गण्डकी प्रदेश, प्रदेश नं. ५, कर्णाली प्रदेश र सुदुरपश्चिम प्रदेश सरकारका माननीय मुख्यमन्त्रीहरु, सम्माननीय प्रधानमन्त्रीज्यूका मुख्य सल्लाहकार तथा अन्य सल्लाहकारहरु, राष्ट्रिय योजना आयोगका माननीय उपाध्यक्ष, माननीय राज्यमन्त्रीहरु, नेपाल सरकारका मुख्य सचिव, आयोगका माननीय सदस्यहरु, राष्ट्रिय पुननिर्माण प्राधिकरणका प्रमुख कार्यकारी अधिकृत, नेपाल राष्ट्र बैंकका गभर्नर, आयोगका सदस्य सचिव, नेपाल सरकारका सचिवहरु तथा अन्य विशिष्ट पदाधिकारीको उपस्थिति रहेको थियो । आयोगका माननीय उपाध्यक्षको प्रस्तुतीकरण पश्चात् सम्माननीय प्रधानमन्त्रीज्यूले छलफलको कार्यक्रमलाई सहजीकरण गर्दैविभिन्न विषयहरुमा निर्देशन दिनुभएको थियो । अन्त्यमा विभिन्न क्षेत्रसँग सम्वन्धित ८ वटा विषयहरुमा निर्णय गरी वैठक समापन भएको थियो ।

### २.२ राष्ट्रिय योजना आयोगका माननीय उपाध्यक्षको प्रस्तुतीकरणको संक्षिप्त विवरण :

बैठकमा आयोगका माननीय उपाध्यक्ष प्रा.डा. पुष्पराज कंडेलबाट चालु आ.व. २०७५/७६ को कार्तिक मसान्तसम्मको समष्टिगत आर्थिक सूचकहरुको स्थिति, चालु आ.व. को प्रथम चौमासिकका लागि विभिन्न निकायहरुमा विनियोजित बजेट, खर्चको अवस्था र आयोजनाहरुको प्रगति, राष्ट्रिय गौरवका आयोजनाहरु एवम् पहिलो प्राथमिकता प्राप्त कार्यक्रम तथा आयोजनाहरुको प्रगति, भूकम्पपछिको पुनर्निर्माणसम्बन्धी प्रगति, आ.व. २०७५/७६ को नीति तथा कार्यक्रम र वार्षिक विकास कार्यक्रम अनुरुप मन्त्रालयगत कार्ययोजनाको प्रगति स्थिति, समितिको विगतको निर्णयहरुको प्रगति स्थिति तथा राष्ट्रिय गौरवका आयोजनाहरुको आयोगबाट भएको स्थलगत अनुगमनको क्रममा देखिएका एवम् अन्तरमन्त्रालय प्रकृतिका समस्या र तिनको समाधानका लागि प्रस्तावित उपायहरु समेटिएको प्रस्तुति भएको थियो ।

समीक्षा अवधिमा चालू आ.व.२०७५/७६ को प्रथम चौमासिकमा कूल २६२ वटा पहिलो प्राथमिकता प्राप्त आयोजनाहरुमध्ये ८० प्रतिशतभन्दा बढी प्रगति हासिल गरेका आयोजनाहरुको संख्या ९१ (३४.७३ प्रतिशत), ५० देखि ७९.९९ प्रतिशतसम्म प्रगति भएका आयोजनाहरुको संख्या ५५ (२१ प्रतिशत) र ५० प्रतिशतभन्दा कम प्रगति भएका आयोजनाहरुको संख्या ८४ (३२.०६ प्रतिशत) रहेको पाइयो भने बाँकी ३२ (१२.२१ प्रतिशत) वटा आयोजनाको प्रगति नखुलेको वा प्रगति विवरण नै प्राप्त हुन नसकेको पाइयो । त्यस्तै, राष्ट्रिय गौरबका विभिन्न २२ वटा आयोजनाहरुमध्ये ८० प्रतिशतभन्दा बढी प्रगति भएका आयोजनाको संख्या १२ (५४.५४%), ५० देखि ७९ प्रतिशतसम्म प्रगति भएका आयोजनाको संख्या ४ (१८.१८ % ) र ५० प्रतिशतभन्दा कम प्रगति भएका आयोजनाको संख्या ४ (१८.१८%) रहेको पाइयो । साथै २ (९.१ प्रतिशत) वटा आयोजनाको प्रगति प्राप्त नभएको पाइयो ।

### २.३ सम्माननीय प्रधानमन्त्री एवम् राष्ट्रिय विकास समस्या समाधान समितिका अध्यक्ष श्री के.पी. शर्मा ओलीज्यूले बैठकमा दिनुभएको निर्देशनको बुँदागत विवरण :

१. आज २१ औं भुकम्प सुरक्षा दिवस पनि हो । सबै तहमा विपद जोखिम न्यूनीकरणलाई सुनिश्चित गर्न र उत्थानशीलता अभिवृद्धि गर्न विषयगत विकास प्रक्रियाहरुमा यसलाई मूल प्रवाहीकरण गर्ने । पुनर्निमाणको बाँकी कार्यलाई यथाशीघ्र सम्पन्न गर्ने र यस सम्बन्धमा समुदाय एवम् नागरिक तहमा पनि सजगता बढाउन सम्बन्धित निकायहरुले पहल गर्ने ।

३. विकाससम्बन्धी नीति, योजना तथा कार्यक्रम तर्जुमा र निर्माण गर्दा राष्ट्र हित, उच्च आर्थिक वृद्धि, सामाजिक न्याय, रोजगारी सृजना, पर्यटन प्रवर्द्धन, व्यापार अभिवृद्धि, वातावरण संरक्षण र सन्तुलित विकासमा टेवा पुऱ्याउने विषयक्षेत्रहरूलाई प्राथमिकता दिने ।

४. संघ, प्रदेश र स्थानीय तहबीचको अन्तरसम्बन्धलाई मजबुत बनाउन र संघीयता कार्यान्वयनमा देखापरेका केही सवालहरुलाई निराकरण गर्न अन्तर प्रदेश परिषद्को दोस्रो बैठकले स्वीकृत गरेको "संघीयता कार्यान्वयन सहजीकरण कार्ययोजना" मा समावेश गरिएका विषयहरु मन्त्रालयले समयसीमा भित्र सम्पन्न गर्ने ।

५. सामाजिक सुरक्षा र संरक्षणका कार्यक्रमको सम्वोधन गर्नका लागि कानुनहरु कार्यान्वयनमा आएकोले राष्ट्रिय योजना आयोगले सबै मन्त्रालयहरुको समन्वयमा सामाजिक सुरक्षा एवम् सरंक्षणको राष्ट्रिय खाका तयार गरी स्वीकृतिका लागि नेपाल सरकार, मन्त्रिपरिषद्मा पेश गर्ने ।

६. उच्चस्तरीय शिक्षा आयोगले पेश गरेको प्रतिवेदन अनुरुप प्रत्येक विद्यालय जान योग्य विद्यार्थी अनिवार्य रुपमा विद्यालय जाने व्यवस्था मिलाउने र उक्त आयोगको सिफारिस कार्यान्वयन गर्दै शिक्षाको गुणस्तर बढाई शिक्षालाई सर्वसुलभ बनाउन सम्बद्ध सबै पक्षले तदारुकताका साथ कार्य गर्ने ।

७. देशलाई आगामी २५ वर्षको लागि आवश्यक पर्ने मानवश्रोतको प्रक्षेपणको लागि गठित मानवश्रोत प्रक्षेपण कार्यदललाई सरकारी, गैर सरकारी, निजी तथा सहकारी क्षेत्रवाट बिस्तृत तथा बृहत तथ्याङ्कको आवश्यकता पर्ने सन्दर्भमा सम्बद्ध सबै पक्षबाट सहयोग पुऱ्याउने । यसमा शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय र राष्ट्रिय योजना आयोगले विशेष पहल गर्ने ।

८. सञ्चार तथा सूचना प्रविधि मन्त्रालयले Digital Nepal Framework तयार गरेको छ । उक्त Framework ले ८ वटा विषयक्षेत्रहरुलाई समेटी ती विषयक्षेत्रहरुको विकास मार्फत देशको समृद्धिको परिकल्पना गरेको छ । सूचना तथा सञ्चार प्रविधि परिवर्तन र विकासको सम्बाहकको रुपमा रहेकोले Digital Nepal Framework को कार्यान्वयनसँग आवश्यक सम्पूर्ण प्रक्रियाको शीघ्र थालनी सञ्चार तथा सूचना प्रविधि मन्त्रालयले गर्ने ।

९. ग्रामीण दूरसञ्चार कोषको रकम प्रयोग गरी दूरसञ्चार पूर्वाधारको विकासको लागि अप्टिकल फाईवर बिछ्याउने कामलाई तिव्रता दिई प्रत्येक स्थानीय तहका कार्यालय, वडा कार्यालय, स्वास्थ्य संस्था र माध्यमिक विद्यालयसम्म द्रुत गतिको ईन्टरनेट सेवा पुऱ्याउने लक्ष्य लिएअनुरूप सूचना महामार्गको कार्यान्वयन सञ्चार तथा सूचना प्रविधि मन्त्रालयले तोकिएकै समयमा सम्पन्न गर्ने ।

१०. सुरक्षण मुद्रणको पूर्वाधार स्थापना र सञ्चालन तथा देशभित्रै सुरक्षण सामाग्रीको उत्पादन हुन नसकेकोले ठूलो रकम विदेशिने गरेको छ । यो क्षेत्रलाई व्यवस्थित गर्न शिघ्र छापाखानाको स्थापना गरी छपाई सुरु गर्न सञ्चार तथा सूचना प्रविधि मन्त्रालयले आवश्यक कार्य अगाडि बढाउने ।

११. व्यापार घाटा न्यूनीकरण गर्न स्वदेशी वस्तुको प्रयोगलाई प्राथमिकता दिने गरी सार्वजनिक खरिद ऐन तथा नियमावलीको कार्यान्वयनमा सार्वजनिक खरिद अनुगमन कार्यालयले अनुगमन गर्ने । उत्पादन र उत्पादकत्व वृद्धि गर्ने कार्यक्रम तथा परियोजनाहरु पहिचान गरी व्यापार घाटा कम गर्ने रणनीतिक कार्ययोजना बनाई शीघ्र कार्यान्वयन गर्ने ।

१२. नेपाल भ्रमण वर्ष, २०२० लाई सफल बनाउन गन्तव्य पहिचान, विकास, वस्तु तथा उपजहरूको विविधिकरण गर्दै पर्यटकीय सुरक्षा व्यवस्थापनमा ध्यान दिई पर्यटन व्यवस्थापन तथा सेवामा संलग्न निजी क्षेत्रसँग समन्वय गरी गुणस्तरीय पर्यटन प्रवर्द्धनमा उच्च मनोबलका साथ कार्य गर्ने ।

१३. औषधी उत्पादन, मूल्य निर्धारण र वितरणमा प्रभावकारिता, मितव्ययिता र सर्वशुलभता कायम गर्दै स्वास्थ्य सेवाको पहुँच र गुणस्तरमा अभिवृद्धि गर्न हरेक स्थानीय तहमा १५ शैयाको प्राथमिक अस्पतालको निर्माण गर्ने, हरेक वडामा एक आधारभूत स्वास्थ्य केन्द्रको स्थापना गर्ने र आधारभूत स्वास्थ्य सेवालाई गुणस्तरीयता सहित सुनिश्चित गर्ने ।

१४.राष्ट्रिय योजना आयोगमा आयोजना बैङ्क स्थापनाका लागि तयार गरी माग गरिएको आयोजना सूचना अन्वेषणको ढाँचा अनुसारको विवरण सम्बन्धित सबै मन्त्रालयले माघ मसान्त भित्र अनिवार्य रुपमा पठाउने ।

१५. प्रादेशिक सरकारले राष्ट्रिय योजना आयोगसँग समन्वय गरी प्रदेशको आयोजना बैङ्क बनाउने कार्य अगाडि बढाउने।

१६. आगामी आर्थिक वर्षदेखि अर्थ मन्त्रालयले प्रस्तुत गर्ने बजेट विवरणमा विषयगत मन्त्रालय अन्तर्गत बहुवर्षीय ठेक्का सम्झौताबाट सिर्जना भएको दायित्व रकम मन्त्रालयगत रुपमा उल्लेख गर्ने । बहुवर्षीय ठेक्काको सहमति दिंदा स्पष्ट मापदण्ड बनाई सो को आधारमा मात्र दिने ।

१७. आयोजनाहरुको निर्माणका लागि आवश्यक नदीजन्य पदार्थहरुको उपलब्धता कम हुँदै गएको सन्दर्भमा बैकल्पिक निर्माण सामग्रीको रुपमा खानीजन्य सामग्रीको सम्भावना खोजी गर्ने ।

१८. आर्थिक वर्ष अगाडि नै बजेट स्वीकृत गरी कार्यान्वयनमा ल्याउँदा पनि पूँजीगत खर्चको प्रगति कम देखिएकोले अबका दिनमा सुधार गरी पुजीगत खर्चमा वृद्धि गर्ने । साथै आगामी वर्षको वार्षिक कार्यक्रम एवम् बजेट बनाउँदा बजेटका पूर्वतयारीका सबै काम असार मसान्तभित्र सम्पन्न गर्नेगरी तयारी गर्ने ।

१९. नेपालमा हाल नीतिगत स्पष्टता, स्थिरता र स्थायित्व आइसकेको छ । विकास र समृद्धिका लागि बाह्य लगानीलाई समेत परिचालन गर्नुपर्ने आवश्यकता रहेको छ । यसै सन्दर्भमा नेपालले यस वर्षको अन्त्यतिर आयोजना गर्ने लगानी सम्मेलनमा बाह्य लगानी आकर्षित गर्न कानुनी एवम् प्रशासनिक अवरोधहरु हटाई अनुकूल वातावरण तयार गर्ने ।

२०.बहुपयोगी तथा प्रविधियुक्त एकीकृत राष्ट्रिय परिचयपत्र (स्मार्ट कार्ड) सबै नागरिकलाई प्रदान गर्नको लागि राष्ट्रिय परिचयपत्र व्यवस्थापन सूचना प्रणाली र सामाजिक सुरक्षा तथा व्यक्तिगत घटना दर्ता व्यवस्थापन सूचना प्रणालीलाई एकीकृत गरी राज्यबाट प्रवाह हुने सबै सेवालाई एकीकृत गर्ने प्रणालीको विकास गर्ने । आगामी दुई वर्ष भित्र सबै नेपालीलाई राष्ट्रिय परिचयपत्र दिने गरी कार्ययोजना बनाई कार्यान्वयन गर्ने ।

२१. गरिव लक्षित कार्यक्रम सञ्चालन गर्दा गरिव पहिचानलाई आधार लिई कार्यक्रम सञ्चालन गर्ने ।

२२. प्रदेश र स्थानीय तहमा कर्मचारी व्यवस्थापनलाई प्रभावकारी बनाउन कर्मचारी समायोजन सँगै प्रदेश लोक सेवा आयोगहरुको गठन गरी आवश्यक संख्यामा कर्मचारी पदपूर्ति गर्ने व्यवस्था मिलाउने ।

२३. दीर्घकालीन सोंच सहितको १५औं आवधिक योजना (२०७६/७७-२०८०/८१) को आधारपत्र प्रदेश र स्थानीय तहका सरोकारवालाको सहभागिता र अपनत्व रहने गरी समय तालिकाभित्र तर्जुमा गर्ने ।

## २.४ माननीय मन्त्री तथा मुख्यमन्त्रीहवाट छलफलमा उठाउनु भएका विषयहरु (क्रमवद्ध रुपमा)

### माननीय मन्त्री, परराष्ट्र मन्त्रालय

संघ, प्रदेश र स्थानीय तहमा संचालन भई आएका बहुवर्षीय ठेक्का प्रणलीमा दोहोरोपना रहेकोले त्यसमा ध्यान दिएर अघि बढ्न सुझाव दिनुभयो । वैदेशिक सहायता लिदा दाताको प्राथमिकता र राष्ट्रिय हित अन्तरसम्बन्धित हुनुपर्ने र सोको लागि परराष्ट्र मन्त्रालयको राय माग गर्नुपर्नेमा जोड दिनुभयो । लगानी सम्मेलन, २०१९ को लागि लक्षित क्षेत्र पहिचान गर्न आवश्यक गृहकार्य हुनुपर्ने र पेट्रोलियम पाइपलाईनको बाटोमा पर्ने रुखहरु हटाउनुपर्ने विषयहरु

राख्नुभयो । कुन कुन क्षेत्र केमा लक्षित गर्ने हो त्यसलाई स्पष्ट गरेर अघि बढ्दा काम गर्न सहज हुने बताउँदै उहाँले नेपालको निर्यातजन्य वस्तु र क्षेत्र के हो त्यसको मूल्याङ्कन गरेर काम गर्नुपर्छ भन्नुभयो ।

**माननीय मुख्य मन्त्री, प्रदेश नं ५**

विकास निर्माणको कार्यमा नदीजन्य पर्दाथको अभाव हुने गरेकोले अब खानीबाट निर्माणजन्य सामाग्री ल्याउन प्रयत्न गर्नुपर्ने र यसको प्रक्रिया यही आ.व. बाट शुरु गर्नुपर्ने कुरा राख्नुभयो । विकास आयोजनाहरुको अनुगमन गर्दा प्रदेश सरकारको समन्वयमा भएमा अझ उपयोगी हुने, भविष्यमा समस्या नआउनका लागि संघीयता अन्तर्गत ३ तहको क्रमागत आयोजनाको तत्काल वर्गीकरण हुनुपर्ने, प्रदेशको आवधिक योजना तर्जुमा प्रक्रिया संघ सरकारको संगसंगै र अन्तर सम्बन्धित भई जानुपर्ने र स्थानीय तहमा गएका क्रमागत आयोजनाहरुमा श्रोतको सुनिश्चित्तता गर्नमा ध्यान जानुपर्ने विषयहरुमा जोड दिनुभयो । साथै माटोको कर प्रदेश सरकार भन्दा पनि स्थानीय सरकारले उठाइरहेको र त्यसको हिस्सामात्र प्रदेश सरकारले लिने गरेको बताउनु भयो ।

**माननीय मुख्य मन्त्री, कर्णाली प्रदेश**

आगामी वर्षको योजनाको बारेमा छलफल र बहस गरिनुपर्ने, प्रदेश र स्थानीय तहमा आयोजना कार्यान्वयनमा चुनौती रहेकोले त्यसको सम्बोधन हुनुपर्ने, योजना निर्माण र बजेट विनियोजन गर्दा समग्र देशको गुरुयोजना बनाएर जानुपर्ने, बजेट विनियोजन गर्दा कति सम्मको संघ, प्रदेश र स्थानीय तहलाई विनियोजन गर्ने बारेमा ठोस मापदण्ड बनाउनुपर्ने, आयोजनाको आधार र लागत अनुसार बजेट छुट्टाउनुपर्ने जस्ता विषयहरु राख्नुभयो । कति र कुन कुन काम केन्द्र सरकारले गर्ने, कति र कुन काम प्रदेश सरकारले गर्ने एकिन गरेर जानुपर्ने सुझाव दिदै कति किलोमिटर बाटो संघीय सरकारले बनाउने र कति प्रदेश सरकारले बनाउने भन्ने सम्वन्धमा योजना र बजेट निर्क्यौल गरेर जान सुझाव दिनभयो । साथै योजना छनौटको कार्य विना आधारमा हुने गरेको विषयलाई पनि उठाउनुभयो ।

**माननीय राज्यमन्त्री, स्वास्थ्य मन्त्रालय**

स्वास्थ्य क्षेत्रमा आगामी वर्षमा जनशक्तिको लागि बजेट थपिनुपर्ने, सार्वजनिक खरिद ऐनमा रहेको प्रावधानले गुणस्तरीय औषधि र सामान खरिद प्रक्रियामा समस्या रहेकोले सो ऐन संशोधन हुनुपर्ने, देशभर न्युनतम स्तरीय स्वास्थ्य सेवा लागू भएकोले बजेट थप्दै जानुपर्ने जस्ता विषयहरु बताउनुभयो ।

**माननीय मुख्य मन्त्री, प्रदेश नं १.**

विकास प्रक्रियाको समीक्षा गरी अबको विकास अभियानको आधार तयार गरी अगाडी बढ्नुपर्ने र अबको बैठकमा समग्र समस्या केलाएर नयाँ ढङ्गबाट हिड्ने आधार तय गर्नुपर्ने विषयमा सुझाव दिनुभयो । स्थानीय तहमा आवधिक योजना बनाउनका निम्ति तथ्याङ्कको जरुरी रहेको, विभिन्न आयोजनाको निम्ति विनियोजित बजेटमा दोहोरोपना भएकोले सोको जाँच हुनुपर्ने विषयहरु राख्नुभयो । समस्या थुप्रै रहेपनि समाधान गरेर जानुको विकल्प नरहेको बताउनुभयो । साथै प्रदेश सरकारको समस्या पहिचान गर्दै संरचनागत ढंगले समाधानको पहलको खाँचो रहेकोले अवको छलफल समग्र विकास प्रक्रियामा केन्द्रित गरेर जानुपर्ने विषयमा जोड दिनुभयो ।

**माननीय मुख्य मन्त्री, सुदुर पश्चिम प्रदेश**

पश्चिम सेती आयोजनालाई सुरु गर्नका निम्ति प्रक्रिया अगाडी बढाउनुपर्ने, आयोजना प्रमुखहरु छिटो छिटो हेरफेर हुँदा आयोजना प्रभावित हुने हुनाले यसबारे सम्बोधन हुनुपर्ने, भारतसँग सिमा जोडिएका कतिपय आयोजनाहरुको कार्यान्वयनमा समस्या परेको हुनाले सो को हल गर्न कुटनैतिक पहल चालिनुपर्ने, संघ, प्रदेश र स्थानीय तहको स्पष्ट क्षेत्राधिकार निर्धारण भए मात्र योजना कार्यान्वयन प्रभावकारी हुने, योजना छनौट प्रक्रिया एकीकृत रुपमा र सो को कार्यान्वयन विकेन्द्रित रुपमा हुनुपर्ने विषयहरु राख्नुभयो ।

**माननीय मन्त्री, वन तथा वातावरण मन्त्रालय**

वन तथा वातावरण मन्त्रालयबाट चुरे संरक्षणको कार्य अगाडी बढाउने विषयमा अधिकतम कोशिश भएको जानकारी गराउँदै विकास आयोजनाको प्राथमिकिकरण गर्दा नयाँ परिपेक्षमा नयाँ ढंगले गर्नुपर्ने, बजेट, जनशक्ति र आयोजना कार्यान्वयनबीचको सन्तुलन मिलाउनुपर्ने, सामान्यतया सम्भाव्यता अध्ययन र डिपिआर तयार भईसकेपछि मात्र आयोजनाको बजेट निर्धारण हुनुपर्ने र एकिन आधारमा मात्र स्रोतको सुनिश्चितता हुनुपर्ने सवालहरु राख्नुभयो ।

**माननीय मुख्य मन्त्री, गण्डकी प्रदेश**

सार्वजनिक खरिद ऐनमा सुधार जरुरी रहेकोले यसलाई परिमार्जन गरेर अघि बढ्नुपर्ने आवश्यकता रहेको बताउनुभयो । आयोजनाको सबै तहमा एकरुपता कायम गर्नका निम्ति सञ्चार र समन्वय जरुरी रहेको, अनुगमनलाई प्रभावकारी र नतिजामूखी बनाउन बलियो कानुनी प्रावधान बन्नुपर्ने, जग्गा-जमिन प्राप्ति प्रक्रियालाई सरलीकृत गर्नुपर्ने, निर्माण सामाग्रीको सहज उपलब्धता हुनुपर्ने जस्ता विषयहरु राख्नुभयो । साथै महत्वपूर्ण आयोजनाहरुको सहज कार्यान्वयनका लागि सबै ठाउँमा शान्ति सुरक्षाको प्रत्याभूतिको खाँचो रहेको सुझाउँदै देशको विकास निर्माण द्रूतगतिमा गर्नुपर्ने आवश्यकता औलाउनुभयो ।

**माननीय मन्त्री, खानेपानी मन्त्रालय**

जनताको माग बमोजिम खानेपानी सुविधा पुऱ्याउनका लागि अहिलेको विद्यमान संरचना र जनशक्ति अपुग रहेकोले यसमा बृद्धि गर्न पहल हुनुपर्ने र आर्थिक व्यवस्थापन, आयोजना छनौट र कर्मचारी परिचालन जस्ता विषय गम्भिरताका साथ छलफल हुनु जरुरी रहेको बताउनुभयो । प्रदेशमा आयोजनाहरु दियौं, थप आयोजना पनि आवश्यक छ तर संरचना र कर्मचारीको अभाव छ । संघमा पनि पर्याप्त संरचना छैन् । त्यसैले संरचनाहरु बढाउनुपर्छ । आयोजना कार्यान्वयनमा स्रोतको व्यवस्थापन, आर्थिक व्यवस्थापन र कर्मचारी परिचालनको सन्दर्भमा विशेष व्यवस्था गरी माननीय मुख्य मन्त्रीहरु पनि भएको समयमा छलफल गनुपर्ने देखिन्छ ।

**माननीय मुख्य मन्त्री, प्रदेश नं ३**

मदन भण्डारी राजमार्ग राम्रो गतिले काम भएको भएतापनि जग्गा र घरको मूआव्जाको कारणले समस्या भएको कुरा राख्नुभयो । योजना बैंक बनाउँदा पूर्व अध्ययन गरी डिपिआर तयार गरी गरेमा प्रभावकारी रुपमा हुन सक्ने, प्रदेशमा नियन्त्रण संयन्त्र छ तर कार्यसम्पादन देखाउन कर्मचारी छैन, तीन तहका सरकारहरु आ आफ्नै ढंगले हिडेका छन् । त्यसैले आगामी दिनमा केन्द्रले लिएको नीति तथा कार्यक्रमलाई प्रदेश र स्थानीय तहले अनुसरण गरेर जानुपर्छ । भूमिसम्वन्धी ऐन अहिलेसम्म बनेन । भूमि समस्या समाधान गर्छौ भनी सबै ठाउँमा चर्को भाषण गर्‍यौ । आगामी दिनमा विकास आयोजनाहरुको क्लीयरेन्स नगरी ठेक्का पट्टा लगाउन नहुने, तीन तहका सरकारले केन्द्रले बनाएको नीति योजनालाई अवलम्बन गर्दै जानुपर्ने, योजनाको बजेट निर्धारण गर्दा दोहेरोपना देखिएकोले त्यसको निम्ति समन्वय र सहजीकरण जरुरी रहेको र भूमि व्यवस्था ऐन छिट्टै बनाई लागु हुनुपर्ने, नयाँ प्रविधि भित्र्याउन जोड दिनुपर्ने, घरेलु उद्योग र स्थानीय उत्पादनलाई जोड दिनपर्नै एकीकृत वस्ती विकासको लागि पैसा छ तर जग्गा छैन त्यसलाई पनि ध्यान दिनुपर्ने जस्ता धारणाहरु राख्नुभयो ।

**माननीय मन्त्री, श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय**

विकास खर्च बढाउन नसक्नुमा जनशक्ति र श्रोत साधनको अभाव मात्र नभई अन्तर मन्त्रालय समन्वयको कमजोरी पनि प्रमुख समस्याको रुपमा रहेको कुरा व्यक्त गर्नुभयो । आयोजनालाई समयमै कार्यान्वयन गर्न मापदण्ड निर्माण गरी दूत्र गतिबाट अगाडी बढाउनुपर्ने, सार्वजनिक खरिद ऐन वर्तमान परिप्रेक्ष अनुरुप परिमार्जन गरिनुपर्ने, वहुवर्षीय ठेक्कालाई प्राथमिकता तय गरी मापदण्ड तोकेर जुन तहमा परेको समस्या हो सोही तहले अपन्त्व लिएर जाने व्यवस्था

मिलाउनुपर्ने, अहिले ठेकदारले आयोजना सम्पन्न होइन पेश्की लिने हिसावले आयोजना सम्झौता गरेको देखिएको छ। उपकरण प्रयोग गर्न अत्यावश्यक भएमा बाहेक अन्य आयोजनाहरुमा श्रम प्रयोग गर्नुपर्ने प्रावधान मिलाउनुपर्ने, सामाजिक सुरक्षाका कार्यक्रम विभिन्न मन्त्रालयमा छरिएको हुनाले यसलाई एकीकृत गरेर सामाजिक सुरक्षा कार्यक्रम समन्वय निकाय/एकीकृत प्रणाली बनाई अगाडी बढ्नुपर्ने धारणाहरु राख्नुभयो ।

**माननीय मन्त्री, अर्थ मन्त्रालय**

यस आ.व. को ६ महिना सम्म वार्षिक बजेटको जम्मा २९ प्रतिशत खर्च भएको छ। वार्षिक कार्यक्रमको प्रगति पनि सन्तोषजनक छैन। माघ १ गतेसम्म ३ खर्व ७६ अर्व ६८ करोड रुपियाँ खर्च भएको छ। यो चालु आवको विनियोजित बजेटको करिव २९ प्रतिशत हो । यस अवधिमा चालु खर्चतर्फ ३५ प्रतिशत खर्च भएपनि पुँजीगत खर्चको भने १८ प्रतिशत मात्रै हो । विनियोजित पुँजीगत खर्च लक्ष्य अनुरुप नभइरहेको सन्दर्भमा विभिन्न मन्त्रालयहरुले एक खर्व रुपियाँभन्दा बढीको गैरबजेटरी रकम माग गर्ने मन्त्रालयको रकम स्पष्ट हुनुपर्छ। यसले विगतमा जस्तै आर्थिक वर्षको अन्त्यतिर बढी खर्च  गर्ने प्रवृतिको पुनरावृत्ती हुने निश्चित छ ।आर्थिक वर्ष शुरु हुनु भन्दा डेढ महिना अघि बजेट आउँछ। आर्थिक वर्षको पहिलो दिननै खर्च गर्ने अधिकार आइसक्छ तर पनि विकास खर्च लक्ष्य अनुसार हुन नसक्नु चिन्ताको विषय हो । यो समस्या समाधानका लागि योजना छनौट देखि नै गम्भिरता अपनाउनुपर्छ । अन्तर प्रदेश समन्वय बैठक अनुसार ताकेता हुनुपर्ने, आयोजनाको दोहोरोपना हुन नदिन राष्ट्रिय योजना आयोगले बनाएको मापदण्ड बाध्यकारी बनाइनुपर्ने, मन्त्रालयहरुले रकमान्तर गरी काम अगााडी बढाउन सक्ने, मन्त्रालयका सचिवज्यू र लेखाका कर्मचारीहरुले विशेष ध्यान दिनुपर्ने, सार्वजनिक निजी साझेदारीमा जोड दिनुपर्ने, काम सक्ने वित्तिकै भुक्तानी दिएमा भौतिक प्रगति र वित्तिय प्रगतिमा एकरुपता देखिने, राष्ट्रिय योजना आयोगले अनुगमनसम्बन्धी बनाएको निर्देशिका परिमार्जन गरी अगाडी बढाउनुपर्ने, आगामी राष्ट्रिय विकास समाधान समितिको बैठकमा निजी क्षेत्रको लगानीको अनुगमन गर्ने परिपाटी बनाउने, बजेट सिलिंग बनाउने कार्य तुरुन्तै गर्नुपर्ने लगायतका विषयहरुमा सुझाव दिनुभयो ।

**माननीय मन्त्री, भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय**

अन्तर-मन्त्रालय समन्वयको कमीले लक्ष्य अनुरुपको प्रगती हुन नसकेको, विदेशी ऋण लिदा अर्थ मन्त्रालयले विशेष ध्यान पुर्‍याउनुपर्ने सार्वजनिक खरिद ऐनलाई संशोधन गरिनुपर्ने, भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयले धेरै प्रयास गर्दा पनि रकमान्तरमा समस्या रहेको जस्ता विषयहरु राख्नुभयो ।

**माननीय उपाध्यक्ष, राष्ट्रिय योजना आयोग**

राष्ट्रिय योजना आयोगका माननीय उपाध्यक्षज्यूले छलफलमा उठेका विषयवस्तुहरुलाई सम्वोधन गर्दै राष्ट्रिय विकास समाधान समितिको बैठक समय सापेक्ष परिवर्तन गर्दै लैजाने कुरा व्यक्त गर्नुभयो । राष्ट्रिय योजना आयोगले अघि सारेको आयोजना बैंक लागु गर्ने सम्बन्धमा सबै निकायहरुको प्रतिबद्धता हुनुपर्ने कुरामा जोड दिनुभयो। राष्ट्रिय योजना आयोगले प्रदेश योजना/नीति आयोगसँग सहकार्य र समन्वय गरी अगाडी बढाँउदै लैजाने विषयमा प्रस्ट पार्नुभयो । साथै स्थानीय तहसँग समन्वय गर्ने कार्य प्रदेश सरकारले अगाडि बढाउनुपर्ने कुरामा सुझाव दिनुभयो ।

## ३. आ.व.२०७५/७६ को प्रथम चौमासिकको प्रगति स्थिति

### ३.१ आयोजना तथा कार्यक्रमको संख्या तथा प्राथमिकीकरण

आ.व. २०७५/७६ मा सञ्चालित कूल ३५८ आयोजनाहरुमध्ये क्रमशः राष्ट्रिय गौरवको आयोजना २२, पहिलो प्राथमिकता प्राप्त आयोजना २४० र दोस्रो प्राथमिकता प्राप्त आयोजना ९६ रहेका छन् ।

### ३.२ राष्ट्रिष्य गौरवका र पहिलो प्राथमिकता प्राप्त २६२ आयोजनाहरुको भौतिक प्रगति

- ८० प्रतिशतभन्दा वढी प्रगति भएका आयोजनाहरुको संख्या ९१
- ५० देखि ७९ प्रतिशतसम्म प्रगति भएका आयोजनाहरुको संख्या : ५५
- ५० प्रतिशतभन्दा कम प्रगति भएका आयोजनाहरुको संख्या : ८४

यी आयोजनाहरुको मन्त्रालयगत विस्तृत विवरण पृष्ठ तीनमा प्रस्तुत गरिएको छ । कूल ३२ आयोजनाहरुको प्रगति स्थिती नखुलेको वा प्रगति विवरण नै प्राप्त हुन नसकेको अवस्था छ ।

### ३.३ आ.ब. २०७५।७६ को वित्तीय प्रगति

आ.व. २०७५/७६ को कूल बजेट र महालेखा नियन्त्रक कार्यालयको विवरण अनुसारको खर्च स्थिति देहाय वमोजिम रहेको छ ।

(रकम रु.करोडमा)

| विवरण | चालू | पूँजीगत | वित्तीय | जम्मा |
|---|---|---|---|---|
| कूल वार्षिक वजेट | ८४५४४७५ | ३१३९९८२ | १५५७१६० | १३१५१६१७ |
| कूल खर्च | २०३८०६९ | २९८५२१ | १११११५० | २४४७७३९ |
| खर्च प्रतिशत | २४ | १० | ७ | १९ |

### ३.४ राष्ट्रिय गौरवका आयोजनाहरुको प्रगति :

राष्ट्रिय गौरवका २२ आयोजनाहरुको प्रगति स्थिति देहाय वमोजिम रहेको छ ।

- ८० प्रतिशतभन्दा बढी प्रगति भएका आयोजनाको संख्या :- १२
- ५० देखि ७९ प्रतिशतसम्म प्रगति भएका आयोजनाको संख्या :- ४
- ५० प्रतिशतभन्दा कम प्रगति भएका आयोजनाको संख्या :- ४
- प्रगति प्राप्त नभएका आयोजना संख्या
  (पश्चिम सेती जलविद्युत र विद्युत प्रशारण लाइन आयोजना): २

### ३.५ पहिलो प्राथमिकता प्राप्त विकास आयोजनाहरूको आ.व.२०७५/७६को प्रथम चौमासिकको भौतिक प्रगति सारांश

| क्र. सं. | मन्त्रालय/निकाय | P1 आयोजना/ कार्यक्रमको संख्या | प्रगति स्थिति | | | |
|---|---|---|---|---|---|---|
| | | | ८० % वा सो भन्दा वढी | ५० % देखि ७९ % सम्म | ५० % भन्दा कम | प्रगति नखुलेका आयोजनाको संख्या |
| १ | कृषि तथा पशुपन्छी विकास मन्त्रालय | ३३ | १३ | ६ | १२ | २ |
| २ | भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय | ७ | २ | २ | ३ | ० |
| ३ | वन तथा वातावरण मन्त्रालय | ११ | १ | ६ | ४ | ० |
| ४ | उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय | ९ | २ | ३ | २ | २ |
| ५ | संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय | ९ | ५ | २ | २ | ० |
| ६ | शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय | ४ | २ | २ | ० | ० |
| ७ | स्वास्थ्य तथा जनसंख्या मन्त्रालय | १४ | २ | २ | ९ | १ |
| ८ | खानेपानी मन्त्रालय | १२ | ३ | ३ | ४ | २ |
| ९ | युवा तथा खेलकूद मन्त्रालय | ३ | २ | ० | १ | ० |
| १० | महिला, बालबालिका तथा जेष्ठ नागरिक मन्त्रालय | ६ | २ | ३ | ० | १ |
| ११ | श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय | ३ | १ | | २ | ० |
| १२ | ऊर्जा, जलश्रोत तथा सिंचाइ मन्त्रालय | ५९ | २३ | ११ | २३ | २ |
| १३ | भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय | ४५ | २३ | ७ | ५ | १० |
| ५ | सञ्चार तथा सूचना प्रविधि मन्त्रालय | ३ | २ | १ | ० | ० |
| १५ | सहरी विकास मन्त्रालय | १३ | ४ | ३ | ३ | ३ |
| १६ | संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय | १३ | २ | ३ | ६ | २ |
| १७ | गृह मन्त्रालय | २ | १ | ० | १ | ० |
| १८ | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | १ | ० | ० | १ | ० |
| १९. | अर्थ मन्त्रालय (विविध समेत) | १३ | १ | ० | ५ | ७ |
| २० | राष्ट्रिय योजना योजना | १ | ० | ० | १ | ० |
| २१ | राष्ट्रिय पुनर्निर्माण प्राधिकरण | १ | ० | १ | ० | ० |
| | जम्मा आयोजना | २६२ | ९१ | ५५ | ८४ | ३२ |

## ३.६ आर्थिक वर्ष २०७५/७६ को मन्त्रालयगत खर्च विवरण (म.ले.नि.का. बाट प्राप्त विवरण अनुसार)

| | | कुलबिनियोजित रकम | | | | कुलखर्च रकम | | | प्रगति (प्रतिशतमा) | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| सि. नं. | मन्त्रालय/ निकाय | जम्मा वजेट | चालु वजेट | पुंजिगतव जेट | वित्तीय वजेट | जम्मा खर्च | चालु खर्च | पुंजिगत खर्च | चालु | पुंजीगत | जम्मा |
| १ | अर्थ | २५४८२८ | १२५४७० | ६७३५८ | ६२००० | १२४४२ | १११५० | १२९२ | ९ | २ | ५ |
| २ | उद्योग, वाणिज्य | ७२९८४ | २४९४५ | ४८०३९ | ० | ८१२९ | ५३५१ | २७७८ | २१ | ६ | ११ |
| ३ | उर्जा, जलस्रोत | १०३६२८५ | ५०८५९ | ४०४५३९ | ५८०८८७ | ६५६०२ | ७९२१ | ५७६८१ | १६ | १४ | ६ |
| ४ | कानून, न्याय | ५०८१ | ५०३९ | ४२ | ० | ८६३ | ८५८ | ५ | १७ | १२ | १७ |
| ५ | कृषि तथापशुपन्छी | २३९३७३ | २१३२१८ | २६१५५ | ० | ४८५९४ | ४७५३९ | १०५५ | २२ | ४ | २० |
| ६ | खानेपानी | २९४७६३ | ६६६५ | १७२७८९ | ११५३०९ | ६५०१ | ७५५ | ५७४६ | ११ | ३ | २ |
| ७ | गृह | ५४३१४४ | ४७३३२१ | ६९८२३ | ० | १७०५४६ | १६५२६१ | ५२८५ | ३५ | ८ | ३१ |
| ८ | संस्कृति, पर्यटन | २३४०७४ | २८४३८ | १२१३६ | १९३५०० | ६०६४ | ५७२९ | ३३५ | २० | ३ | ३ |
| ९ | परराष्ट्र | ५२३६४ | ३६०४४ | १६३२० | ० | १७६१३ | १७६०८ | ५ | ४९ | ० | ३४ |
| १० | भूमि व्यवस्था | ९७७४८ | ८६११८ | ११६३० | ० | १०९९३ | १००१४ | ९७९ | १२ | ८ | ११ |
| ११ | वन तथावातावरण | १४५२०५ | १०३०४६ | ४२१५९ | ० | १७१६८ | १६१६७ | १००१ | १६ | २ | १२ |
| १२ | भौतिकपूर्वाधार | १०१४०७८ | ७६७९६ | ९३७२८२ | ० | १६२०८१ | ३२६४७ | १२९४३४ | ४३ | १४ | १६ |
| १३ | महिला बालबालिका | ९३९८ | ९२७३ | १२५ | ० | ७११ | ७११ | ० | ८ | ० | ८ |
| १४ | युवा तथा खेलकूद | ३७५५४ | १५१५७ | २२३९७ | ० | ९२८६ | ४०१७ | ५२६९ | २७ | २४ | २५ |
| १५ | रक्षा | ४५१०८२ | ३८३२४१ | ६७८४१ | ० | १४०२११ | १३२४६९ | ७७४२ | ३५ | ११ | ३१ |
| १६ | शहरी विकास | २३२९७७ | ४५५५४ | १७१००१ | १६४२२ | २५९५३ | ११९७९ | १३९७४ | २६ | ८ | ११ |
| १७ | शिक्षा, विज्ञान | ४६५३६४ | ४६२०६२ | ३३०२ | ० | ९९१०१ | ९८८०९ | २९२ | २१ | ९ | २१ |
| १८ | सञ्चार तथासूचना | ५८८५८ | ४३२६४ | १३१९४ | २४०० | १२९०७ | १२१९० | ७१७ | २८ | ५ | २२ |
| १९ | संघीय मामिला तथा सामान्य | ६११३६७ | ५३५९८२ | ७५३८५ | ० | १२२३६६ | १२०३८१ | १९८५ | २२ | ३ | २० |
| २० | स्वास्थ्य तथा जनसंख्या | ३४०८२३ | २५५११२ | ८५७११ | ० | ५२८५१ | ४७४५५ | ५३९६ | १९ | ६ | १६ |
| २१ | श्रम रोजगार | ३९३२८ | ३७२५४ | २०७४ | ० | ८३१ | ८१७ | १४ | २ | १ | २ |
| २२ | राष्ट्रिय योजना आयोग | ६५२६ | ६२७८ | २४८ | ० | ११९१ | ११८३ | ८ | १९ | ३ | १८ |

## ४. राष्ट्रिय गौरवका आयोजनाहरुको आ.व. २०७५/७६ को प्रथम चौमासिकको प्रगति

राष्ट्रिय गौरवका आयोजनाहरुको आ.व. २०७५/७६ को वार्षिक बजेट, प्रथम चौमासिक बजेट, प्रथम चौमासिकको भौतिक तथा वित्तीय प्रगति विवरण देहाय वमोजिम रहेको छ ।

| क्र. सं. | आयोजना | आ.व ०७५/७६ को वार्षिक बजेट (रु. करोडमा) | आ.व ०७५/७६ को प्रथम चौमासिक बजेट (रु. करोडमा) | आ.व ०७५/७६ को प्रथम चौमासिक लक्ष्यको तुलनामा भौतिक प्रगति (%) | आ.व ०७५/७६ को प्रथम चौमासिक बजेटको तुलनामा वित्तीय प्रगति (%) |
|---|---|---|---|---|---|
| १. | सिक्टा सिंचाइ आयोजना | १४६ | ४३.४७ | २३.८ | ४०.२६ |
| २. | बबई सिंचाइ आयोजना | १२२ | १४.४८ | ६०.०२ | ५५.२५ |
| ३. | रानीजमरा कूलरीया सिंचाइ आयोजना | २१२ | २८.४६ | ८१.०८ | ३१.२० |
| ४. | भेरी बबई डाइभर्सन वहुउद्देश्यीय आयोजना | ६०७ | २५८ | ९२.६५ | ६८.२२ |
| ५. | माथिल्लो तामाकोशी जलविद्युत आयोजना | ५७६.४० | २५३.५९ | ७६.३२ | ९०.०१ |
| ६. | वुढिगण्डकी जलविद्युत आयोजना | १७९९.९६ | ६८४.४३ | ४४.०८ | ४३.९३ |
| ७. | पश्चिम सेती जलविद्युत आयोजना | - | - | - | - |
| ८. | गौतम वुद्ध अन्तर्राष्ट्रिय विमानस्थल | ६८३ | ३३८ | १०० | ३३ |
| ९. | पोखरा अन्तर्राष्ट्रिय विमानस्थल | ६८० | ४० | १०० | २८ |
| १०. | निजगढ अन्तर्राष्ट्रिय विमानस्थल | १४३ | ३० | १५ | १७ |
| ११. | पशुपति क्षेत्र विकास कोष | ३४.८७ | ८.९५ | ६४ | ६३ |
| १२. | लुम्विनी क्षेत्र विकास कोष | ५७.७१ | २१.५२ | ११० | ९२ |
| १३. | पुष्पलाल (मध्य पहाडी) लोकमार्ग | ५५०.३० | २८९.२१ | ९६.६७ | ९४.३८ |
| १४. | रेल्वे तथा मेट्रो विकास आयोजना | ४५०.०३ | ४७ | ९२.९३ | १०० |
| १५. | हुलाकी लोकमार्ग | ५४५.२७ | ८५ | ९६ | ९६.५७ |
| १६. | उत्तर दक्षिण (कोशी) लोकमार्ग | ४७ | १२.५३ | ८१.४६ | १०६.४९ |
| १७. | उत्तर दक्षिण (कालीगण्डकी) लोकमार्ग | १३३ | ६७.७५ | ९०.०६ | ८९.७३ |
| १८. | उत्तर दक्षिण (कर्णाली) लोकमार्ग | ३९.८० | ९.३७ | ९७.३० | ९६.८५ |
| १९. | काठमाण्डौ तराई-मधेस द्रुतमार्ग | १५३९.७८ | ३४९.९६ | ८२ | ४० |
| २०. | मेलम्ची खानेपानी आयोजना | ७०७ | २२४ | ७८.३९ | ९३.७१ |
| २१. | राष्ट्रपति चुरे संरक्षण कार्यक्रम | १६९.९७ | ४३.७० | २७.८४ | ३.९ |
| २२. | विद्युत प्रसारण आयोजना | - | - | - | - |

यी आयोजनाहरुको समष्टिगत लक्ष्य, आ.व. ०७५/७६ मा विनियोजित बजेट, यस आ.व. को प्रथम चौमासिकमा भएका कार्य, प्रगति र कार्यान्वयनमा देखिएका समस्याहरु देहाय बमोजिम संक्षेपमा प्रस्तुत गरिएको छ ।

## १. सिक्टा सिंचाइ आयोजना

बाँके जिल्लाको अगैयास्थित राप्ती नदीमा बाँध निर्माण गरी जिल्लाको राप्ती पश्चिम दाँयातर्फ ३३,७६६ हेक्टर एवम् राप्ती पूर्व बाँयातर्फ ९,००० हेक्टर गरी कुल ४२,७६६ हेक्टर कृषियोग्य भूमिमा सिंचाइ सुविधा पुऱ्याउने लक्ष्य रहेको यस आयोजना आ.व. २०७१/७२ मा सम्पन्न हुने लक्ष्य राखिएकोमा सो अवधिमा सम्पन्न हुन नसकेकाले आ.व.०७६/७७ मा सम्पन्न हुने गरी म्याद थप गरिएको छ। आयोजनाको शुरु वर्ष २०६१/६२ को लागत अनुमान रु.१,२८० करोड रहेकोमा आ.व. ०७१/७२ को संशोधित लागत अनुमान रु.२५०२ करोड रहेको छ। यस आयोजनाका लागि चालु आ.व. २०७५/७६ मा रु.१४६ करोड विनियोजन गरिएको छ।

**प्रथम चौमासिक प्रगति स्थिति** : यस आयोजनाको आ.व. २०७५/७६ को प्रथम चौमासिक बजेट रु.४३.४७ करोड रहेकोमा सो अवधिको भौतिक प्रगति २३.८ प्रतिशत र वित्तीय प्रगति ४०.२६ प्रतिशत रहेको छ। आयोजनाको हाल हेडवर्कस् (गेट सहित) निर्माणसम्पन्न भएको, दाँया मूल नहरको ९८ प्रतिशत र पूर्वी मूल नहरको सम्पूर्ण निर्माण कार्य सम्पन्न भएको छ। यस्तै सिधनिया शाखाको ८० प्रतिशत तथा डुँडुवा शाखाको करीव १० प्रतिशत निर्माण कार्य सम्पन्न भएको छ।

**आयोजना कार्यान्वयनमा देखिएका मुख्य समस्याहरु** : ठेक्का व्यवस्थापनमा कमजोरी र निर्माण व्यवसायीहरुबाट काममा ढिलाइ हुनु, मुआब्जा वितरण कार्यमा विवाद हुनु, सम्बन्धित स्थानीय निकायबाट निर्माण सामाग्रीको ठेक्का खोल्न ढिलाइ हुने गरेकोले निर्माण सामाग्रीको अभाव हुनु जस्ता समस्या रहेका छन्। पश्चिम मूलनहरको चेनेज १७+७०० देखि ३५+००० सम्मको ठेक्कामा २०+००० देखि २६+००० सम्म माटो घुलनशील प्रकृतिको देखिएको र नहर संचालन गर्दा नहर भत्किने गरेकोले पश्चिम मूलनहर सचालनमा र ड्रेनेज व्यवस्थापनमा समस्या देखिएको छ।

## २. बबई सिंचाइ आयोजना

बर्दिया जिल्लाको करिव ३६,००० हेक्टर (पूर्वमा २१,००० हे. र पश्चिममा १५,००० हे.) कृषियोग्य भूमिमा सिंचाइ सुविधा पुऱ्याउने लक्ष्य रहेको यस आयोजना आ.व.२०४५/४६ मा शुरु भई आ.व. २०६९/७० मा सम्पन्न हुने लक्ष्य रहेकोमा संशोधन भई आ.व.२०७८/७९ सम्ममा सम्पन्न हुने अपेक्षा गरिएको छ। आयोजनाको अनुमानित शुरु लागत रु.२८७ करोड रहेकोमा संशोधित लागत अनुमान रु.१२६७ करोड पुगेको छ। यस आयोजनाका लागि चालु आ.व. २०७५/७६ मा रु.१२२ करोड विनियोजन गरिएको छ। आयोजनाको सबै बजेट नेपाल सरकारको आफ्नै स्रोतबाट विनियोजन भएको छ।

**प्रथम चौमासिक प्रगति स्थिति** : यस आयोजनाको आ.व. २०७५/७६ को प्रथम चौमासिक बजेट रु.१४.४८ करोड रहेकोमा सो अवधिको भौतिक प्रगति ६०.०२ प्रतिशत र वित्तीय प्रगति ५५.२५ प्रतिशत रहेको छ। हाल आयोजनाको हेडवर्क्स, मूल नहर तथा शाखा नहर निर्माण कार्य सम्पन्न भई २६,००० हेक्टरमा सिंचाइ सुविधा पुगेको छ। साथै नहर सञ्चालन, जलमापन, गेज निर्माण, डाइभर्सन निर्माण आदि कार्य भैरहेको छ।

**आयोजना कार्यान्वयनमा देखिएका मुख्य समस्याहरु :**पानीको स्रोत (बबई नदीमा बाह्रै महिना आवश्यक/पर्याप्त पानीको बहाव नहुनु) र नदीजन्य निर्माण सामाग्रीको कमी, जग्गा प्राप्तीमा समस्या, बाढीको प्रकोप, निकुञ्ज र संरक्षित क्षेत्र भित्र मानव/मेसनरी आवागमन र निर्माण कार्य गर्न वेला वेलामा अवरोध हुनु, निकायगत समन्वयको अभावले गर्दा कार्य प्रगतिमा ढिलाई हुनु जस्ता समस्याहरु रहेका छन्।

## ३. रानीजमरा कुलरीया सिंचाइ आयोजना

यस आयोजनाले कैलाली जिल्लाको २०,३०० हेक्टर कृषियोग्य भूमिमा व्यबस्थित सिंचाइ सुविधा पुऱ्याउने तथा सिंचाइ प्रणालीहरुको आधुनिकीकरण गर्ने लक्ष्य लिएको छ। यस आयोजना आ.व. २०६७/६८ बाट सुरु भई संशोधित कार्यतालिका

अनुसार आ.व. २०८०/८१मा सम्पन्न हुने लक्ष्य लिएको छ। आयोजनाको कूल  लागत  रु.२७७० करोड लाग्ने अनुमान छ। यस आयोजनाका लागि चालु आ.व. २०७५/७६ मा रु.२१२ करोड विनियोजन भएको छ।

**प्रथम चौमासिक प्रगति स्थिति** : यस आयोजनाको आ.व. २०७५/७६ को प्रथम चौमासिक बजेट रु.२८.४६ करोड रहेकोमा सो अवधिको भौतिक प्रगति ८१.०८ प्रतिशत र वित्तीय प्रगति ३१.२० प्रतिशत रहेको छ। आयोजनाको इन्टेक निर्माण कार्य सम्पन्न भएको छ भने मूल नहरकोनिर्माण कार्य ९५ प्रतिशत तथा संरचनाहरु निर्माण कार्य ९० प्रतिशत सम्पन्न भएको छ। यस्तै हाइड्रोपावर निर्माण ४५ प्रतिशत, फिडर नहर आधुनिकीकरण १०० प्रतिशत र सिंचित क्षेत्र वचावट कार्य ७५ प्रतिशत सम्पन्न भएको छ।

**आयोजना कार्यान्वयनमा देखिएका मुख्य समस्याहरु :** निजी तथा अतिक्रमित सार्वजनिक जग्गा प्राप्ती, वन क्षेत्र रुख कटान र निर्माण व्यवसायीको सुस्तता जस्ता विषयहरु मुख्य समस्याका रुपमा रहेका छन् । यस्तै लम्की विस्तार (६००० हेक्टर)अन्तर्गत मूल नहरको रेखांकनमा घर, जग्गा परेको कारणले सर्वेक्षण एवंम निर्माणमा अवरोध पुगेको छ।

## ४. भेरी बबई डाइभर्सन बहुउद्देश्यीय आयोजना

यस आयोजनाले बाँके र बर्दिया जिल्लाको करीव ५१ हजार हेक्टर भूमिमा बाह्रै महिना सिंचाइ सुविधा उपलब्ध गराउने र ४८ मे.वा. जलविद्युत उत्पादन गर्ने लक्ष्य रहेको छ। बाह्रै महिना सिंचाइ उपलब्धताबाट कृषि उत्पादन बढ्न गई वार्षिक ३.१ अर्व अप्रत्यक्ष तथा विद्युतबाट २.१ अर्ब प्रत्यक्ष आम्दानी हुने अनुमान छ। यस आयोजना आ.व.२०६८/६९ मा शुरु भई आ.व. २०७६/७७ मा सम्पन्न गर्ने लक्ष्य रहेकोमा संशोधित तालिका अनुसार आ.व. २०७९/८० मा सम्पन्न हुने लक्ष्य रहेको छ। आयोजनाको अनुमानित कूल लागत रु.३३१९.६६ करोड रहेको छ। यस आयोजनाका लागि चालु आ.व. २०७५/७६ मा कूल रु.६०७ करोड विनियोजन गरिएको छ।

**प्रथम चौमासिक प्रगति स्थिति** : यस आयोजनाको आ.व. २०७५/७६ को प्रथम चौमासिक बजेट रु.२५८ करोड रहेकोमा सो अवधिको भौतिक प्रगति ९२.६५ प्रतिशत र वित्तीय प्रगति ६८.२२ प्रतिशत रहेको छ। आयोजनाको जम्मा १२ कि. मि. मध्ये ७ कि. मि. सुरुङ्गनिर्माण कार्य सम्पन्न भएको छ। यस्तै पहुँच मार्ग, साइट क्याम्प, TBM प्लेटफर्म र सेग्मेन्ट प्रोडक्सन प्लान्ट आदिको निर्माण कार्य सम्पन्न भएको छ।

**आयोजना कार्यान्वयनमा देखिएका मुख्य समस्याहरु :** हेडवर्क्स तथा पावरहाउस निर्माण कार्यको लागि समयमै गृहकार्य हुन नसकी सुरुङ्ग निर्माण संगसंगै हेडवर्क्स तथा पावरहाउस निर्माण कार्य अपेक्षित र द्रुत रुपमा शुरु नहुनु यस आयोजनाको प्रमुख समस्या रहेको छ।

## ५. माथिल्लो तामाकोशी जलविद्युत आयोजना

कूल ४५६ मेगावाट क्षमताको जलविद्युत उत्पादन गर्ने लक्ष्य राखेको यो आयोजना दोलखा जिल्लामा अवस्थित छ। आ.व. २०६७/०६८ देखि शुरु भई आ.व. २०७२/७३ मा सम्पन्न हुने अनुमान रहेको भएतापनि भूकम्प, दक्षिण सीमा क्षेत्रमा भएको अवरोध लगायतको कारणबाट यस आयोजना आ.व. २०७५/७६ मा सम्पन्न हुने संशोधित अनुमान छ। आयोजनाको शुरु लागत अनुमान रु.३५२९ करोड रहेकोमा निर्माण अवधि लम्बिन गएको कारणले संशोधित लागत रु.४९२९ करोड हुने अनुमान छ। यस आयोजनाका लागि चालु आ.व. २०७५/७६ मा रु.५७६.४० करोड विनियोजन गरिएको छ।

**प्रथम चौमासिक प्रगति स्थिति** : यस आयोजनाको आ.व. २०७५/७६ को प्रथम चौमासिक बजेट रु.२५३.५९ करोड रहेकोमा सो अवधिको भौतिक प्रगति ७६.३२ प्रतिशत र वित्तीय प्रगति ९०.०१ प्रतिशत रहेको छ। हालसम्म आयोजनाको हेडवर्कस् कंक्रिटिङ कार्य ९९.५ प्रतिशत र Tailrace Tunnel लाइनिङ कार्य ९७.२ प्रतिशत सम्पन्न भएको छ। विद्युतगृह र ट्रान्स्फर्मर

क्याभर्न खन्ने तथा क्याभर्न कंक्रिटको कार्य सम्पन्न भएको छ । यस्तै मुख्य सुरुङ्ग खन्ने कार्य समेत सम्पन्न भएको छ भने अन्य सुरुङ्गहरु खन्ने कार्य ९३.३० प्रतिशत सम्पन्न भएको छ । आ.व. २०७५/७६ मा सबै युनिट संचालनमा आउने गरी कार्य अघि बढीरहेको छ ।

**आयोजना कार्यान्वयनमा देखिएका मुख्य समस्याहरु :** ठूला भारवहन भएका उपकरणहरु ढुवानी कार्यमा कठिनाई आई उपकरण जडान कार्य प्रभावित हुनु यस आयोजनाको प्रमुख समस्याको रुपमा रहेको छ ।

## ६. बुढीगण्डकी जलविद्युत आयोजना

बुढीगण्डकी जलाशययुक्त जलविद्युत आयोजनाको निर्माणवाट कूल १२०० मेगावाट विद्युत उत्पादन गरी मुलुकको आर्थिक सामाजिक रुपान्तरणका लागि आवश्यक विद्युतीय उर्जा उपलव्ध गराउने लक्ष्य लिएको यस आयोजना धादिङ र गोरखा जिल्लामा रहेको छ । यस आयोजना आ.व. २०६९/७० मा सुरु भई आ.व. २०८२/०८३ मा सम्पन्न गर्ने संशोधित कार्यतालिका रहेको छ । आयोजनाको कूल लागत रु.२ खर्व ६० अर्व लाग्ने अनुमान रहेको छ । यस आयोजनाका लागि चालु आ.व. २०७५/७६ मा रु.१७९९.९६ करोड विनियोजन गरिएको छ ।

**प्रथम चौमासिक प्रगति स्थिति** : यस आयोजनाको आ.व. २०७५/७६ को प्रथम चौमासिक बजेट रु.६८४.४३ करोड रहेकोमा सो अवधिको भौतिक प्रगति ४४.०८ प्रतिशत र वित्तीय प्रगति ४३.९३ प्रतिशत रहेको छ । आयोजनाको लागि कूल ५८,००० रोपनी जग्गा प्राप्त गर्नु पर्नेमा हालसम्म करिब २५,७०० रोपनी (४४ प्रतिशत) प्राप्त गरिएको छ । धादिङ तर्फ ३२२ जना जग्गाधनीको ६१२ कित्ता (१०९५.१० रोपनी) को मुआब्जा बापत रु.७० करोड ५७ लाख बैकमा दाखिला भएको छ । यस्तै गोरखा तर्फ ११०५ जना जग्गाधनीको २२६७ कित्ता (३२६५.८९ रोपनी) को मुआब्जा बापत रु.१ अर्व ९३ करोड ५३ लाख बैकमा दाखिला भएको छ ।

**आयोजना कार्यान्वयनमा देखिएका प्रमुख समस्याहरु :** पुनर्वास/पुनर्स्थापना नीति तयार नहुनु, दरबन्दी अनुसारको कर्मचारीहरुको पदपूर्ति नहुनु, मुआब्जा रकम फरक फरक वर्षमा भुक्तानी भएको हुनाले पछि मुआब्जा पाउनेहरुले मूल्य अभिवृद्धि बापतको रकम थप माग गर्नु र अधिग्रहण गरेको कारणबाट पूजीगत लाभ कर नलिन माग गर्नु आदि जस्ता समस्याहरु रहेका छन् ।

## ७. पश्चिम सेती जलविद्युत आयोजना

कार्यान्वयन क्षेत्र डोटी, डडेलधुरा, बैतडी र बझाङमा रहेको यस आयोजनाबाट ७५० मेगावाट विद्युत उत्पादन गर्ने अनुमान गरिएको छ । यस आयोजना सम्बन्धमा लगानी बोर्डले आवश्यक अध्ययन कार्य गरिरहेको छ ।

## ८. गौतम बुद्ध अन्तर्राष्ट्रिय विमानस्थल

रुपन्देही जिल्लामा अवस्थित मौजुदा गौतम बुद्ध विमानस्थलको धावनमागलाई (१५०० मि.×२३ मि.) स्तरोन्नती गरी ( ३००० मि.×४५ मि.) को नयाँ धावनमार्ग, अन्तर्राष्ट्रिय भवन, एयरपोर्ट अपरेशन, प्रशासनिक भवन, कन्ट्रोल टावर, अग्नि नियन्त्रण तथा जीवनोद्धार भवन लगायत सञ्चार तथा पथप्रदर्शक सामग्रीहरु जडान गरी अन्तर्राष्ट्रिय विमानस्थलको रुपमा स्तरोन्नती गर्ने र मुलुकमा अर्को वैकल्पिक अन्तर्राष्ट्रिय विमानस्थल विकास गरी दिगो पर्यटन विकास गर्ने लक्ष्य यस आयोजनाले राखेको छ । यस आयोजना सन् २०१५ मा शुरु भई सन् २०१७ को डिसेम्बरमा सम्पन्न हुने अपेक्षा गरिएको भएतापनि हाल दोस्रो पटक २८ जुन, २०१९ सम्म म्याद थप गरिएको छ । यस आयोजना तोकिएको समयसीमा भन्दा अगाडीनै निर्माण कार्य सम्पन्न गर्ने कार्ययोजना रहेको छ । आयोजनाको कुल अनुमानित लागत ३० अर्व ४१ करोड रहेको (२३ अर्व ५९ करोड मुआव्जा समेत) छ । आयोजनाको चालु आ.व. २०७५/७६ मा कूल रु.६८३ करोड विनियोजन गरिएको छ । कूल रु.६८३ करोड मध्ये नेपाल सरकारबाट रु.४१६ करोड र अनुदान मार्फत रु.२६७ करोड विनियोजन गरिएको छ ।

**प्रथम चौमासिक प्रगति स्थिति** : यस आयोजनाको आ.व. २०७५/७६ को प्रथम चौमासिक बजेट रु.३३८ करोड रहेकोमा सो अवधिको भौतिक प्रगति १०० प्रतिशत र वित्तीय प्रगति ३३ प्रतिशत रहेको छ । विमानस्थलको एप्रोन निर्माण कार्य सम्पन्न भएको छ भने रनवेको कालोपत्रेको काम फाल्गुनसम्म सक्नेगरी काम भइरहेको छ । विमानस्थलको टर्मिनल विल्डिङ र कन्ट्रोल टावरको निर्माण कार्य अन्तिम चरणमा रहेको छ ।

**आयोजना कार्यान्वयनमा देखिएका प्रमुख समस्या :** आयोजनाको मुख्य समस्याको रुपमा करिब सात लाख घनमिटर माटो फिलिङ गर्नुपर्ने र उक्त माटो प्राप्त गर्न स्थानीय तहमा बढी कर दिनुपरेको कारण रहेको छ ।

## ९.पोखरा अन्तर्राष्ट्रिय विमानस्थल

कास्की जिल्लाको पोखरा महानगरपालिकामा बिगत ४० वर्षदेखि अधिग्रहण गरिएको जग्गामा अन्तर्राष्ट्रिय विमानस्थल निर्माण गरी सञ्चालन गर्ने लक्ष्य रहेको छ । विमानस्थलको निर्माण कार्य ११ जुलाई, २०१७ मा शुरु गरी १० जुलाई, २०२१ मा सम्पन्न गर्ने लक्ष्य राखिएको छ । आयोजना निर्माणको कूल लागत अनुमान रु.२१६० करोड रहेको छ । आयोजना निर्माणका लागि चालू आ.व. २०७५/७६ मा रु.६८० करोड विनियोजन गरिएको छ ।

**प्रथम चौमासिक प्रगति स्थिति** : यस आयोजनाको आ.व. २०७५/७६ को प्रथम चौमासिक बजेट रु.४० करोड रहेकोमा सो अवधिको भौतिक प्रगति १०० प्रतिशत र वित्तीय प्रगति २८ प्रतिशत रहेको छ । आयोजनाको Earthwork को कार्य करिब ७० प्रतिशत सकिएको छ भने Domestic तथा International Apron को निर्माण कार्य ९८ प्रतिशत सम्पन्न भएको छ । Runway तथा Taxiway को कार्य अन्तिम चरणमा रहेको र टर्मिनल भवनको निर्माण कार्य सुचारु रहेको छ ।

**आयोजना कार्यान्वयनमा देखिएका प्रमुख समस्याहरु :** जमिन खन्ने क्रममा अनपेक्षित रुपमा कडा माटो आएको हुँदा अपेक्षित भौतिक प्रगति हासिल गर्न कठिनाई हुनु र थप जग्गा अधिग्रहण कार्यको सर्भे गर्ने क्रममा स्थानीय वासिन्दाहरुबाट विरोध हुनु जस्ता प्रमुख समस्या रहेका छन् ।

## १०. निजगढ अन्तर्राष्ट्रिय विमानस्थल

सुविधासम्पन्न तथा वैकल्पिक अन्तर्राष्ट्रिय विमानस्थलको रुपमा बारा जिल्लाको निजगढमा विमानस्थल निर्माण गर्ने कार्य शुरु भएको छ । आ.व.२०७१/७२ मा शुरु भएको यस आयोजना आ.व. २०९१/९२ मा सम्पन्न हुने अपेक्षा गरिएको छ । यस आयोजनाका लागि चालु आ.व. २०७५/७६ मा रु.१४३ करोड विनियोजन गरिएको छ ।

**प्रथम चौमासिक प्रगति स्थिति** : यस आयोजनाको आ.व. २०७५/७६ को प्रथम चौमासिक बजेट रु.३० करोड रहेकोमा सो अवधिको भौतिक प्रगति १५ प्रतिशत र वित्तीय प्रगति १७ प्रतिशत रहेको छ । विमानस्थलको वातावरणीय प्रभाव मूल्यांकन प्रतिवेदन स्वीकृत भएको छ । कूल ११० विगाहा जग्गा मध्ये हालसम्म ५५ विगाहा जग्गा अधिग्रहण कार्य सम्पन्न भएको छ ।

**आयोजना कार्यान्वयनमा देखिएका प्रमुख समस्याहरु :** आयोजनाको मध्यभागमा पर्ने १४३९ घरधुरी रहेको टाँगिया बस्तीको स्थानान्तरणको विषय र आयोजना क्षेत्रभित्र पर्ने रुख कटानको अनुमति प्राप्त हुन ढिलाई हुनु आदि प्रमुख समस्याको रुपमा रहेको छ ।

## ११. पशुपति क्षेत्र विकास कोष

पशुपति क्षेत्र विकास कोषको गुरुयोजना अनुसार योजनावद्ध विकास कार्यक्रमहरुको माध्यमद्वारा पशुपति क्षेत्रलाई धार्मिक, सांस्कृतिक एवम् पर्या-पर्यटनको नमूना क्षेत्रका रुपमा विकास गर्ने लक्ष्य रहेको छ । यस गुरुयोजना आ.व. २०५७/५८ मा सुरु भई आ.व. ०७४/७५ मा सम्पन्न गर्ने लक्ष्य रहेको भएतापनि सबै कार्यहरु सम्पन्न हुन नसकेकोले आ.व.०७७/७८ मा सम्पन्न हुने अपेक्षा गरिएको छ । यस आयोजनालाई चालु आ.व. २०७५/७६ मा रु.३४.८७ करोड विनियोजन गरिएको छ ।

**प्रथम चौमासिक प्रगति स्थिति** : यस आयोजनाको आ.व. २०७५/७६ को प्रथम चौमासिक बजेट रु.८.९५ करोड रहेकोमा सो अवधिको भौतिक प्रगति ६४ प्रतिशत र वित्तीय प्रगति ६३ प्रतिशत रहेको छ। ४०० शैयाको नेपाल भारत मैत्री पशुपति धर्मशाला निमार्ण कार्य सम्पन्न भएको छ । कलात्मक पशुपति प्रवेशद्वार निर्माणका लागि नेपाल एस.बि.आइ. बैंकसँग सम्झौता भएको छ। पशुपति क्षेत्रको वृहत गुरुयोजना सम्पन्न गर्न नापी विभागद्वारा नाप नक्सा तयार भएको छ।

**आयोजना कार्यान्वयनमा देखिएका प्रमुख समस्याहरु :** दक्ष प्राविधिक जनशक्तिको अभाव हुनु, मासिक पर्ने मेला, जात्रा, पर्व आदिका कारण काममा बाधा पर्नु, परम्परागत निर्माण सामग्रीको उपलब्धतामा कठिनाई हुनु र गुठी संस्थान र कोषको दोहोरो क्षेत्राधिकार रहेको हुँदा अपेक्षित सहयोग प्राप्त हुन नसक्नु जस्ता मुख्य समस्याहरु रहेका छन्।

## १२. लुम्बिनी क्षेत्र विकास कोष

लुम्बिनी गुरुयोजना अनुसार गौतम बुद्धको पवित्र जन्मस्थललाई बौद्धमार्गी एवम् शान्तिप्रेमी जनसमुदायको अन्तर्राष्ट्रिय केन्द्रको रुपमा विकास निर्माण गर्ने लक्ष्य यस कोषले राखेको छ। यस गुरुयोजनाको काम आ.व. २०६९/७० मा शुरु भई आ.व. २०७७/०७८ मा सम्पन्न गर्ने कार्यतालिका रहेको छ । आयोजनाको शुरु लागत अनुमान रु.५ अर्व ५० करोड रहेकोमा संशोधित लागत अनुमान रु.६ अर्व १० करोड रहेको छ । चालू आ.व. २०७५/७६ मा यस आयोजनाका निम्ति रु.५७.७१ करोड विनियोजन गरिएको छ।

**प्रथम चौमासिक प्रगति स्थिति** : यस आयोजनाको आ.व. २०७५/७६ को प्रथम चौमासिक बजेट रु.२१.५२ करोड रहेकोमा सो अवधिको भौतिक प्रगति ११० प्रतिशत र वित्तीय प्रगति ९२ प्रतिशत रहेको छ। Water Reservoir Tank, Overhead Tank र Water Supply System निर्माण कार्य अन्तिम चरणमा पुगेको छ। ५००० जना क्षमताको सभाहल निर्माण कार्य भैरहेको छ। विद्युतीय व्यवस्थापन तथा टेलिकम्युनिकेशन अन्तर्गत आधुनिक संचार प्रविधिको कार्य चलिरहेको छ र उत्तरी पोखरीको छेउमा कोलोन्याड, सिम्बोलिक पेभिलियन निर्माण कार्य भैरहेको छ।

**आयोजना कार्यान्वयनमा देखिएका प्रमुख समस्याहरु :** गुरुयोजना अनुसार ३ वर्षभित्र कार्य सम्पन्न गर्न बजेटको अभाव रहेको छ। २०६० सालदेखि कोषमा स्थायी पदपूर्ति नहुँदा आवश्यक दक्ष कर्मचारीको अभाव रहेको छ। यस्तै अन्तर्राष्ट्रिय प्रतिबद्धता अनुरुप स्रोत प्राप्त नहुनु र स्थानीयस्तरको सहयोग जुटाउन कठिनाई हुनु समस्याको रुपमा रहेका छन्।

## १३. पुष्पलाल (मध्य पहाडी) लोकमार्ग

नेपालको पाँचथर जिल्लाको चियो भञ्ज्याङ्गदेखि पश्चिमको बैतडी जिल्लाको झुलाघाटसम्म डबल लेन स्तरमा कालोपत्रे सहितको सडक निर्माण गर्दै पहाडका बस्तीहरुमा यातायातको सहज पहुँच विस्तार गर्ने लक्ष्य सहित कूल संशोधित लम्बाई १८७९ कि.मि. र १३० वटा पुल निर्माण गर्ने लक्ष्य रहेको यस लोकमार्गले मध्यपहाडी क्षेत्रका जिल्लाहरुलाई यातायात सञ्जालमा जोडी आर्थिक, सामाजिक, सांस्कृतिक, पर्यटकीय र शैक्षिक विकासमा योगदान गर्ने अपेक्षा गरिएको छ । यो आयोजना आ.व. २०६४/६५ देखि सुरु भएको र आ.व. २०७४/७५ मा सम्पन्न हुने अनुमान गरिएकोमा संशोधित कार्यतालिका अनुसार आ.व. २०७८/७९ सम्ममा सम्पन्न गर्ने लक्ष्य रहेको छ। आयोजनाको कुल संशोधित बजेट रु.८०१४ करोड रहेको छ भने चालु आ.व. २०७५/७६ मा रु.५५०.०३ करोड विनियोजन गरिएको छ।

**प्रथम चौमासिक प्रगति स्थिति** : यस आयोजनाको आ.व. २०७५/७६ को प्रथम चौमासिक बजेट रु.२८९.२१ करोड रहेकोमा सो अवधिको भौतिक प्रगति ९६.६७ प्रतिशत र वित्तीय प्रगति ९४.३८ प्रतिशत रहेको छ । आ.व. २०७५/७६ को पहिलो चौमासिकमा यस सडक खण्डमा १४ कि.मि. कालोपत्रे, ३० कि.मि. ग्राभेल तथा १४ वटा पुल निर्माण कार्य सम्पन्न भएको छ।यस्तै काभ्रे खण्डमा २१ कि.मि र तमोर कोरिडोर खण्डमा २५ कि.मि. ट्रयाक निर्माण कार्य सम्पन्न भएको छ।

**आयोजना कार्यान्वयनमा देखिएका प्रमुख समस्याहरु** : नदीजन्य निर्माण सामाग्रीको सहज उपलब्धता नहुनु, जलाशययुक्त आयोजनाहरुको प्रभाव क्षेत्र एकिन नहुँदा निर्माणमा दुविधा रहनु, भौगोलिक बिकटता, स्थानीयद्वारा रेखांकनको विवाद, मुआब्जामा समस्या र Utility Relocation कार्य झन्झटिलो हुनु र दरबन्दी अनुसार जनशक्तिको पदपूर्ति हुन नसक्नु जस्ता प्रमुख समस्याहरु रहेका छन् ।

## १४. रेल मेट्रोरेल तथा मोनोरेल विकास आयोजना

नेपाल सरकार भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय, रेल विभाग अन्तर्गत रहेको रेल, मोनोरेल तथा मेट्रोरेल विकास आयोजना आ.व. २०६६/६७ देखि कार्यान्वयन भैरहेको छ । रेलमार्गको विकासबाट देशको आर्थिक, सामाजिक विकासमा टेवा पुऱ्याउने उद्देश्यका साथ स्थापित यस आयोजनाले मुख्यतया पूर्व-पश्चिम रेलमार्ग, काठमाडौ-वीरगंज रेलमार्ग, केरुङ्ग-काठमाण्डौ-पोखरा-लुम्विनी रेलमार्ग तथा भारतीय रेलसंग जोड्ने गरी विभिन्न ६ स्थानमा अन्तरदेशीय रेलमार्ग निर्माणमा आफ्ना क्रियाकलापहरु केन्द्रित गर्दै अगाडी बढेको छ । यस आयोजना निर्माणको कूल लागत अनुमान रु.७०९७ करोड रहेको छ । चालु आ.व. २०७५/७६ मा यस आयोजनाका निम्ति रु.४५०.०३ करोड विनियोजन गरिएको छ ।

**प्रथम चौमासिक प्रगति स्थिति :** यस आयोजनाको आ.व. २०७५/७६ को प्रथम चौमासिक बजेट रु. ४७ करोड रहेकोमा सो अवधिको भौतिक प्रगति ९२.९३ प्रतिशत र वित्तीय प्रगति १०० प्रतिशत रहेको छ । आयोजनाको काकरभिट्टा-बर्दिबास-सिमरा-तम्सारिया-बुटवल (६३८ कि.मि.) खण्डको विस्तृत अध्ययन प्रतिवेदन तयार भैरहेको, बुटवल गड्डाचौकी खण्डको ( ४०९ कि.मि.) विस्तृत अध्ययन प्रतिवेदनको ९५ प्रतिशत कार्य सम्पन्न भएको, काठमाण्डौ-वीरगंज रेलमार्गको पूर्व संभाव्यता अध्ययनको लागि भारतीय परामर्श दाताबाट कार्य भइरहेको र केरुङ्ग-काठमाण्डौ रेलमार्गको पूर्व सम्भाव्यता अध्ययन प्रतिवेदन चिनीया पक्षबाट प्राप्त भएको छ । यस्तै काठमाण्डौं उपत्यका मेट्रोरेल (७२ कि.मि.) को सम्भाव्यता अध्ययन प्रतिवेदन तयार भएको छ। जयनगर-जनकपुर बर्दिबास (६९ कि.मि.) खण्डमध्ये जयनगर-जनकपुर बिजुलपुरा (५२ कि.मि.) को ट्रयाक बेड, स्ट्रकचर सहित ९५ प्रतिशत कार्य सम्पन्न भएको छ ।

**आयोजना कार्यान्वयनमा देखिएका प्रमुख समस्याहरु :** वातावरणीय प्रभाव मूल्याङ्कन स्वीकृति पश्चात वन क्षेत्रमा काम गर्न भोगाधिकार तथा रुख कटानी स्वीकृति सम्बन्धी लामो र झन्झन्टीलो प्रकृया रहेको, जग्गा अधिग्रहण तथा मुआब्जा निर्धारणका कार्य विवादयुक्त भैरहने, ऐलानी जग्गा अधिग्रहण सम्बन्धमा नीतिगत अस्पष्टता, दक्ष जनशक्तीको अभाव र नदीजन्य निर्माण सामाग्रीको उपलब्धतामा कठिनाइ तथा सो को कर सम्बन्धी अस्पष्ट नीति जस्ता प्रमुख समस्याहरु रहेका छन् ।

## १५.हुलाकी राजमार्ग

नेपालको पूर्व पश्चिम हुँदै तराईका वस्तीहरुमा यातायातको सहज पहुँच विस्तार गर्ने लक्ष्य लिएको यस हुलाकी लोकमार्ग आयोजनाले पूर्वमा झापा केचनादेखि पश्चिममा कंचनपुर दोधारा चाँदनीसम्मको भू-भागलाई जोड्नेछ । यस आयोजनाको कूल प्रारम्भिक लागत अनुमान करिब रु. ४७२७ करोड रहेकोमा संशोधित लागत रु. ६५२० करोड रहेको छ । यस आयोजनामा नेपाल सरकार र भारत सरकारबाट प्राप्त हुने अनुदान रकमबाट लागत व्यहोरिने छ । आ.व. २०६५/६६ मा शुरु भई आ.व. २०७४/७५ मा सम्पन्न हुने प्रारम्भिक अनुमान गरिएकोमा संशोधित कार्यतालिका अनुसार आ.व. २०७९/८० सम्ममा सम्पन्न गर्ने लक्ष्य रहेको छ । यस आयोजनाको कूल लम्बाई १७९२.४२ कि.मि. रहेको छ जस मध्ये पूर्व देखि पश्चिम तर्फको लम्बाई ९७५ कि.मि. रहेको छ भने उत्तर दक्षिण जोड्ने सहायक सडकहरुको (२८ वटा सडकहरु) लम्बाई ८१७.४२ छ । यस आयोजनाले सडक निर्माण तथा स्तरोन्नति र २१९ वटा पूलहरुको निर्माण गर्ने लक्ष्य लिएको छ । यस आयोजनाका लागि चालु आ.व. २०७५/७६ मा रु.५४५.२७ करोड विनियोजन गरिएको छ ।

**प्रथम चौमासिक प्रगति स्थिति** : यस आयोजनाको आ.व. २०७५/७६ को प्रथम चौमासिक बजेट रु.८५ करोड रहेकोमा सो अवधिको भौतिक प्रगति ९६ प्रतिशत र वित्तीय प्रगति ९६.५७ प्रतिशत रहेको छ । यस आयोजनाको ईटहरी सडकखण्ड अन्तर्गत चारआली केचना सडकमा ५ कि.मि., जनकपुरअन्तर्गत नवलपुर मलगंवामा ५ कि.मि., माईस्थान गौशाला शम्सी सडकमा १० कि.मि. र जनकपुर कदमचोकमा २ कि.मि. कालोपत्रे गर्ने कार्य सम्पन्न भएको छ ।

**आयोजना कार्यान्वयनमा देखिएका प्रमुख समस्याहरु :** कार्यबोझ अनुसार दक्ष जनशक्ति पूर्ति नहुनु, आयोजनामा पर्ने जग्गाको लगत कट्टा कार्यमा सम्वन्धित निकायको यथोचित सहयोग नहुनु, चितवन राष्ट्रिय निकुञ्ज अन्तर्गतको खण्डमा रेखाङ्कनमा अन्यौलता हुनु र ढुङ्गा, गिटी, बालुवा जस्ता निर्माण सामाग्रीहरु स्थानीय निकाय र वन कार्यालयको नियन्त्रणमा रहने भएकोले सो को पर्याप्त उपलब्धतामा कठिनाइ भइ निर्माण कार्यको म्याद बढ्न जानु आदि समस्याको रुपमा रहेका छन् ।

## १६.उत्तर दक्षिण (कोशी) लोकमार्ग

तेह्रथुम जिल्लाको वसन्तपुरदेखि उत्तरी सीमाना किमाथाङ्कासम्मको १६२ कि.मि. सडक निर्माण एवम् स्तरोन्नति गर्ने लक्ष्य यस आयोजनाले लिएको छ । आ.व.२०६५/६६ मा शुरु भई २०७०/७१ मा सम्पन्न हुने प्रारम्भिक अनुमान भएपनि पुन: म्याद थप गरी आ.व. २०७७/७८ मा सम्पन्न हुने अपेक्षा गरिएको छ। यस आयोजनाको संशोधित लागत अनुमान रु.१६२० करोड रहेको छ। चालु आ.व. २०७५/७६ मा यस आयोजनाको लागि रु.४७ करोड विनियोजन गरिएको छ।

**प्रथम चौमासिक प्रगति स्थिति :** यस आयोजनाको आ.व. २०७५/७६ को प्रथम चौमासिक बजेट रु.१२.५३ करोड रहेकोमा सो अवधिको भौतिक प्रगति ८१.४६ प्रतिशत र वित्तीय प्रगति १०६.४९ प्रतिशत रहेको छ । यस आ.व. को प्रथम चौमासिकमा ६ कि.मि ट्र्याक खोल्ने, ३ कि.मि. सडक चौडा गर्ने तथा २ कि.मि. सववेश गर्ने कार्य सम्पन्न भएको छ। यस्तै ९ वटा पूलहरुको ठेक्का व्यवस्थापन कार्य अगाडी बढेको छ ।

**आयोजना कार्यान्वयनमा देखिएका प्रमुख समस्याहरु :** विस्फोटक पदार्थको अभाव हुनु र घर टहराहरु सडकको रेखाङकनमा पर्ने कारणले स्थानीय स्तरबाट क्षतिपूर्तिको माग गरी निर्माण कार्य अवरुद्ध गर्ने हुदाँ सडक निर्माणको प्रगतिमा असर पर्नुजस्ता प्रमुख समस्या रहेका छन् ।

## १७. उत्तर दक्षिण (कालीगण्डकी) लोकमार्ग

यस आयोजनाले नवलपरासी, पाल्पा, तनहूँ, स्याङजा, गुल्मी, बाग्लुङ्ग, पर्वत, म्याग्दी मुस्ताङ्ग जिल्ला समेटेको छ । कूल लम्बाई ४३५ कि.मी. रहेको यो आयोजना आ.व. २०६५/६६ मा शुरु भई आ.व. २०७६/०७७ सम्ममा सम्पन्न हुने लक्ष्य रहेकोमा संशोधित कार्यतालिका बमोजिम म्याद थप गरी आ.व. २०७८/०७९ सम्ममा सम्पन्न हुने अपेक्षा गरिएको छ । चालु आ.व. २०७५/७६ मा यस आयोजनाको बेनी जोमसोम कोरला सडक खण्डमा रु. ८६ करोड, गैडाकोट राम्दी मालढुङ्गा सडक खण्डमा रु.३७ करोड र रिडी रुद्रबेनी पालू खोला, मालढुङ्गा खण्ड अन्तर्गत नेपाली सेना मार्फत रु.१० करोड (प्रथम चौमासिक तथा दोश्रो चौमासिकको २ महिनाको लागि मात्र)गरी जम्मा रु.१३३ करोड विनियोजन भएको छ ।

**प्रथम चौमासिक प्रगति स्थिति :** यस आयोजनाको आ.व. २०७५/७६ को प्रथम चौमासिक बजेट रु.६७.७५ करोड रहेकोमा सो अवधिको भौतिक प्रगति ९०.०६ प्रतिशत र वित्तीय प्रगति ८९.७३ प्रतिशत रहेको छ । नेपाली सेनाद्वारा सञ्चालित आयोजनातर्फ गुल्मीको रिडीदेखि बाग्लुङ्ग जिल्लाको मालढुङ्गासम्म खोलिएको ८ मि. चौडाइको ८० कि.मि. ट्र्याकलाई १० मि. चौडाइ गर्ने योजना अनुसार यस आ.व. को प्रथम चौमासिक लक्ष्य बमोजिम ७.५ कि.मि. चौडाइ गरिएको छ। यस्तै विभिन्न स्थानमा ५ वटा बेली ब्रिज हाल्ने कार्य सम्पन्न भएको छ ।

**आयोजना कार्यान्वयनमा देखिएका प्रमुख समस्याहरु :** यातायातको चाप बढ्दै गएको कारण निर्माण कार्यमा समस्या हुनु, राम्दी-दरपोक र मिर्मि-सेतिबेनी खण्डमा धार्मिक तथा पर्यटकीयस्थल नजिक रहेकोले बिष्फोटक पदार्थ सहजरुपमा प्रयोग गर्न नपाउनु, माथिल्लो मुस्ताङ क्षेत्रमा अत्यधिक उचाई, अक्सिजनको कमी तथा हावाको वेगका कारणले ६ महिना भन्दा बढी काम गर्न नसकिनु तथा कामदारको अभाव रहनु, नदीजन्य पदार्थको उत्खनन् एवं संकलनमा अवरोध/रोकावट हुनु र वनसंग सम्बन्धित क्षेत्रमा रेखाङ्कनको विवाद हुनु आदि प्रमुख समस्याका रुपमा रहेका छन् ।

## १८. उत्तर दक्षिण (कर्णाली) लोकमार्ग

यस आयोजनाको खुलालु-सिमिकोट खण्डमा करिब १४५ कि.मि. र हिल्सा-सिमिकोट खण्ड (हुम्ला) मा ८८ कि.मि. सडक निर्माण गर्ने लक्ष्य रहेको छ । यस आयोजना आ.व. २०६५/६६ देखि शुरु भईआ.व. २०७०/७१ मा सम्पन्न हुने अपेक्षा गरिएकोमा संशोधन गरी आ.व. २०७९/८० मा सम्पन्न हुने गरी म्याद थप गरिएको छ। चालु आ.व. २०७५/७६ मा यस आयोजनाको हिल्सा सिमिकोट सडक खण्डमा रु.१९.८० करोड र नेपाली सेनाद्वारा सञ्चालित खुलालु लैफु सिमिकोट खण्डमा रु.२० करोड गरी जम्मा रु.३९.८० करोड विनियोजन गरिएको छ।

**प्रथम चौमासिक प्रगति स्थिति :** यस आयोजनाको आ.व. २०७५/७६ को प्रथम चौमासिक बजेट रु.९.३७ करोड रहेकोमा सो अवधिको भौतिक प्रगति ९७.३० प्रतिशत र वित्तीय प्रगति ९६.८५ प्रतिशत रहेको छ । आयोजनाको हिल्सा सिमिकोट सडक खण्डमा २.३ कि.मि. ट्रयाक निर्माण कार्य सम्पन्न भएको छ । वार्षिक कार्यक्रम स्वीकृत भई सोही अनुसार बाजुरा जिल्लामा पर्ने लेवडी, रास्कोटे तोप्या पहिरो, खेतीखोला र हुम्ला जिल्लाको हलगौडेभिर, तुम्चा इलाकामा ट्रयाक खोल्ने कार्य भइरहेको छ । नेपाली सेनाद्वारा संचालित खण्डमा यस आ.व. को प्रथम चौमासिक लक्ष्य बमोजिम १ कि.मि. ट्रयाक खोल्ने कार्य सम्पन्न भएको छ । कालीकोट जिल्लाको घाटापारी चौर (३० कि.मि.) सम्म सार्वजनिक सवारी र साखाचौर (७६ कि.मि.) सम्म ट्रयाक्टर तथा नेपाली सेनाको सवारी साधन सञ्चालनमा आएको छ । आयोजनाको खुलालु लैफु सिमिकोट खण्डको जम्मा १४५ कि.मि मध्ये हालसम्म ९४ कि.मि. ट्रयाक खोल्ने कार्यका साथै ३ वटा बेली ब्रिज निर्मार्ण कार्य सम्पन्न भएको छ ।

**आयोजना कार्यान्वयनमा देखिएका प्रमुख समस्याहरु :** निर्माण सामग्री तथा इन्धन ढुवानी र अनुगमनमा कठिनाइ हुनु, बस्ती वरपर कन्ट्रोल ब्लास्टिङ विधि अपनाउँदा जोखिमपूर्ण हुनु, कठिन भौगोलिक अवस्थाको कारण निर्धारित Right Of Way पुर्‍याउन कठिन हुनु, सञ्चारको समस्या हुनु र चीनको बाटो भै निर्माण उपकरण तथा इन्धन ढुवानीको अनुमतिको लागि कठिनाई हुनु जस्ता यस आयोजनाका प्रमुख समस्याको रुपमा रहेका छन् ।

## १९. काठमाण्डौ तराई-मधेस द्रुतमार्ग

बारा जिल्लाको निजगढदेखि तराईका जिल्ला हुँदै राजधानी काठमाण्डौंसम्म चार लेनमा निर्माण हुने छोटो दूरीको यो द्रुतमार्ग आयोजनाको कूल लम्वाई ७६.४ कि.मि. रहेको छ । हाल नेपाल सरकारको निर्णयबाट आयोजना सञ्चालन कार्यविधि, २०७४ स्वीकृत भई नेपाली सेनाको व्यवस्थापनमा कार्यान्वयन भइरहेको छ। नेपाली सेनाबाट उक्त आयोजना आ.व. २०७४/७५ देखि शुरु भई ०७८/७९ मा सम्पन्न हुने अनुमान रहेको छ। यस आयोजनाको कूल अनुमानित लागत रु.११,६०० करोड रहेको छ भने चालू आ.व.०७५/७६ मा रु.१५३९.७८ करोड विनियोजन गरिएको छ।

**प्रथम चौमासिक प्रगति स्थिति** : यस आयोजनाको आ.व. २०७५/७६ को प्रथम चौमासिक बजेट रु.३४९.९६ करोड रहेकोमा सो अवधिको भौतिक प्रगति ८२ प्रतिशत र वित्तीय प्रगति ४० प्रतिशत रहेको छ । आयोजनाको ईन्जिनियरिङ सर्भे तथा डिजाइन तर्फ द्रुतमार्गको विस्तृत ईन्जिनियरिङ्ग सर्वेक्षण र Alignment डिजाइन, Cross Drainage Structure तथा Retaining Structure को डिजाइन र पुलहरुको स्थान तथा लम्बाई निर्धारणको कार्य सम्पन्न भएको छ। सडक निर्माणतर्फ जम्मा ५४ कि.मि. खण्ड भित्र सव ग्रेड लेभलसम्म अर्थवर्क कटिङ्ग/फिलिङ्गको कार्य भइरहेको छ र प्रथम चौमासिकमा २७ लाख क्यू.मि. अर्थवर्क कटिङ्ग गरिएको छ । यस्तै ९४ प्रतिशत (१५,०६९ रोपनी) जग्गा अधिग्रहणको कार्य सम्पन्न भएको छ। धेद्रे वेशक्याम्प निर्माण कार्य सम्पन्न हुने चरणमा रहेको छ भने खोकना वेशक्याम्प निर्माणको लागि खरिद प्रकृया शुरु भएको छ ।

**आयोजना कार्यान्वयनमा देखिएका प्रमुख समस्याहरु** : द्रुतमार्गको खोकना खण्डमा मार्गधिकार भित्र परेका जग्गाको मुआब्जा विवाद, पुरातात्विक महत्वको मठ मन्दिर परेका कारण सडकको रेखाङ्कन परिवर्तन गर्नुपर्ने माग राखी स्थानीयद्वारा निर्माणकार्य अवरुद्ध भएको, निर्माणको क्रममा डिजाइन अनुसार कटिङ्ग गर्दा पहिरो जाने जोखिम भएकोले राइट अफ वे भन्दा बाहिर थप जग्गा आवश्यक पर्ने देखिएको, निर्माण स्थल वरपर रहेका वनजंगल, खोलानाला, खानी, ऐलानी तथा सरकारी जग्गाबाट आवश्यकता अनुसारको निर्माण सामाग्रीहरु उत्खनन् गरी प्रयोग गर्न नपाउँदा निर्माण कार्यमा ढिलाई हुन गएको जस्ता प्रमुख समस्याहरु रहेका छन् ।

## २०. मेलम्ची खानेपानी आयोजना

मेलम्ची उपत्यका मुहान क्षेत्र रहेको यस आयोजनाले काठमाण्डौ उपत्यकाका करिव ३० लाख जनसंख्यालाई खानेपानी उपलब्ध गराउने लक्ष्य लिएको छ । सिन्धुपाल्चोकको मेलम्चीबाट २७.५ कि.मि. सुरुङ्ग मार्फत पहिलो चरणमा दैनिक १७ करोड लिटर खानेपानी काठमाण्डौंमा आपूर्ति गराउने लक्ष्य रहेको छ । पहिलो चरण आ.व. २०५५/५६ मा शुरु भई आ.व. २०७०/७१ मा सम्पन्न गर्ने लक्ष्य रहेकोमा पछिल्लो संशोधनबाट आ.व. २०७५/७६ सम्म सम्पन्न गर्ने लक्ष्य राखिएको छ । लागत बढ्न गई आयोजनाको प्रथम चरणको कुल अनुमानित बजेट रु.२८ अर्व पुगेको छ । यस आयोजनाका लागि चालु आ.व. २०७५/७६ मा रु.७०७ करोड विनियोजन गरिएको छ ।

**प्रथम चौमासिक प्रगति स्थिति** : यस आयोजनाको आ.व. २०७५/७६ को प्रथम चौमासिक बजेट रु.२२४ करोड रहेकोमा सो अवधिको भौतिक प्रगति ७८.३९ प्रतिशत र वित्तीय प्रगति ९३.७१ प्रतिशत रहेको छ । आयोजनाको हेडवर्क्स निर्माण तथा २६.५ कि.मि. लामो सुरुङ निर्माण कार्य सम्पन्न भई हाल सुरुङको फाइनल फिनिसिङ्ग कार्य भइरहेको छ । सुन्दरीजलस्थित पानी प्रशोधन केन्द्रको पहिलो चरणको निर्माण सम्पन्न भई परिक्षण सञ्चालन गरिएको छ । यस्तै दोश्रो चरणको मुख्य प्रवेश मार्ग निर्माण (१० कि.मि.) कार्य सम्पन्न भएको छ ।

**आयोजना कार्यान्वयनमा देखिएका प्रमुख समस्याहरु** : निर्माण व्यवसायी तथा परामर्शदात्री संस्थाहरुको व्यावसायिक कमजोरी, जग्गा प्राप्ति, मुआब्जा तथा क्षतिपूर्तिको लगत संकलन गरिए तापनि स्थानीयहरुको सडक कालोपत्रे गर्नु पर्ने समेतका विभिन्न मागहरुका कारण जग्गा अधिग्रहण हुन नसक्नु, वातावरणीय प्रभाव मूल्याङ्कनको कार्यहरुमा अन्तरनिकाय सहयोग हुन नसकेको कारण ढिलाई हुन गएकोले आयोजनाको विस्तृत डिजाइन प्रतिवेदन तयारी कार्य प्रभावित हुनु, दातृ निकायका सर्तहरु बमोजिम ऋण-अनुदान रकम समयमै उपलब्ध नहुनु, CMC संग ठेक्का गर्न CCRC ठेक्काको समापन, भौगर्भिक एवं भौगोलिक जटिलता र स्थानीय प्रभावितहरुको मागहरुको सम्बोधन सम्बन्धी विषयहरु यस आयोजनाका समस्याहरु रहेका छन् ।

## २१. राष्ट्रपति चुरे संरक्षण कार्यक्रम

चुरे क्षेत्रको प्राकृतिक श्रोत संरक्षण दिगो व्यवस्थापन गरी गरिबी न्यूनीकरण एवं समृद्ध नेपालको राष्ट्रिय लक्ष्यमा टेवा पुऱ्याउने लक्ष्य सहित नेपाल सरकारको पूर्ण लगानीमा सञ्चालन हुने यो आयोजना आ.व. २०६६/६७ बाट शुरु भई सालबसाली कार्यक्रमको रुपमा रहँदै आएको भएता पनि आ.व. २०७०/७१ देखि राष्ट्रिय गौरवको आयोजनाको रुपमा कार्यक्रम संचालन हुँदै आएको छ । आ.व. २०७०/७१ देखिनै चुरेसँग सम्वन्धित निर्देशिका तथा कार्यविधि पुनरावलोकन गर्ने, उपल्लो तटीय बासिन्दा बीच समूह सञ्जालीकरण गर्ने, नयाँ स्थायी नर्सरी निर्माण तथा व्यवस्थापन गर्ने, विभिन्न प्रजातिका बिरुवा उत्पादन गर्ने, चुरेको डंढेलो नियन्त्रण तथा वन अतिक्रमण तथा चोरी निकासी नियन्त्रण गर्ने, चुरेमा आश्रित गरिब तथा विपन्न वर्गका लागि रोजगारमुखी वृक्षारोपण गर्ने जस्ता कार्यक्रमहरु संचालन भएका छन् । चुरे तराई मधेशको संरक्षणको लागि २० वर्षे गुरु योजना नेपाल सरकारबाट मिति २०७४ जेष्ठमा स्वीकृत भई सोही अनुसार कार्यान्वयन भइरहेको छ । यस आयोजनाका लागि चालु आ.व. २०७५/७६ मा रु.१६९.९७ करोड विनियोजन गरिएको छ ।

**प्रथम चौमासिक प्रगति स्थिति :** यस आयोजनाको आ.व. २०७५/७६ को प्रथम चौमासिक बजेट रु.४३.७० करोड रहेकोमा सो अवधिको भौतिक प्रगति २७.८४ प्रतिशत र वित्तीय प्रगति ३.९ प्रतिशत रहेको छ। आयोजनाको प्रथम चौमासिकमा ८ वटा नदी प्रणालीहरुको योजना निर्माण गर्ने लक्ष्य रहेकोमा लक्ष्य अनुसार काम सम्पन्न भएको छ। वित्त हस्तान्तरण अन्तर्गत प्रदेश र स्थानीय तहमा कुल रकम रु.१४६.२६ करोडको समितिको चालु खर्चबाट घट्ने गरी स्थानीय तह तथा प्रदेश सरकारहरुको कार्यक्रम तथा बजेट तयार गरी अर्थ मन्त्रालयमा स्वीकृतिको लागि पेश गरिएकोमा हाल स्वीकृत भई सम्बन्धित स्थानीय तह तथा प्रदेशहरुमा कार्यक्रम र बजेट पठाइएको छ।

**आयोजना कार्यान्वयनमा देखिएका प्रमुख समस्याहरु :** चुरे तराई मधेस संरक्षण तथा व्यवस्थापन गुरुयोजनाले निर्दिष्ट गरेका योजना कार्यक्रम सञ्चालन गर्न पर्याप्त साधन (जनशक्ति, बजेट र कानुनी संरचना) हुन नसक्नु, राष्ट्रपति चुरे तराई मधेस संरक्षण विकास समितिको स्थापना लक्ष्य अनुरुपका स्थायी प्रकृतिको संरचनाको कमी हुनु, चुरेको प्रभावकारी संरक्षण गर्न एकीकृत प्रणाली अनुरुप चुरे संरक्षण तथा व्यवस्थापन कार्यान्वयनका लागि 'चुरे संरक्षण तथा व्यवस्थापन ऐन' नहुनु र चुरे क्षेत्रको एकीकृत विकास कार्यक्रम कार्यान्वयनमा संलग्न सबै सरोकारवालाहरुको समान प्राथमिकतामा पर्न नसक्नु जस्ता प्रमुख समस्याहरु रहेका छन्।

## २२. विद्युत प्रसारण आयोजना

नेपाल सरकार र अमेरीकी सरकारी निकाय मिलेनियम च्यालेन्ज कर्पोरेशन (MCC) बीच नेपालमा ऊर्जा र यातायत क्षेत्रका पूर्वाधार विकासका लागि MCC ले ५० करोड डलर अनुदान सहायता उपलब्ध गराउनेसम्बन्धी सम्झौता (Compact Agreement) सेप्टेम्बर १४, २०१७ मा भए अनुरुप सोको कार्यान्वयनका लागि मिलेनियम च्यालेन्ज एकाउण्ट नेपाल विकास समिति गठन भएको छ। साथै यसका लागि नेपाल सरकारले १३ करोड अमेरीकी डलर समेत सह-लगानी गर्दै छ। यसरी प्राप्त हुने अनुदान रकमबाट निर्माण हुने विद्युत प्रसारण आयोजना राष्ट्रिय गौरवका आयोजनाको रुपमा यस आ.व. देखि कार्यान्वयनमा रहेको छ।

## ५. पुनर्निर्माणसम्बन्धी प्रगति स्थिति

### ५.१ राष्ट्रिय पुनर्निर्माण प्राधिकरणवाट प्राप्त प्रगतिका आधारमा आ.व. २०७५/७६ को प्रथम चौमासिकसम्म पुनर्निर्माणका सम्वन्धमा भएका उपलव्धिहरू देहाय बमोजिम रहेका छन् ।

| सि.नं. | संरचना | पुनर्निर्माण गर्नुपर्ने संख्या | सम्पन्न संख्या | निर्माणाधिन संख्या | निर्माण सुरू गर्न बाँकी संख्या |
|---|---|---|---|---|---|
| १. | सरकारी भवन | ४१५ | २४८ | १३५ | ३२ |
| २. | विद्यालयको भवन | ७५५३ | ४१७२ | २५०६ | ८७५ |
| ३. | स्वास्थ्य संस्थाको भवन | ११९७ | ६४३ | १४५ | ४०९ |
| ४. | पुरातात्विक सम्पदा | ७५३ | १९३ | ३०९ | २५१ |
| ५. | सुरक्षा निकायको भवन | | | | |
| | नेपाली सेना | २०४ | ५५ | ७ | १४२ |
| | नेपाल प्रहरी | १३९ | १७ | ८६ | ३६ |
| | सशस्त्र प्रहरी | ३१ | २५ | ६ | - |
| | रा.अ.वि. | ९ | ८ | १ | - |

### ५.२ निजी आवास अनुदान वितरणसम्बन्धी प्रगति :

| सूचक | आ.व.२०७२/७३ सम्मको प्रगति | आ.व.२०७३/७४ सम्मको प्रगति | आ.व. २०७४/७५ मा भएको प्रगति | २०७५ पौष ६ सम्म भएको प्रगति | प्रगति प्रतिशत |
|---|---|---|---|---|---|
| जम्मा लाभग्राही | ५३१९६४ | ७४९७९६ | ८०७४८६ | ८२२९०९ | – |
| अनुदान सम्झौता | २७८८८० | ६२९६१३ | ७२२०१९ | ७४२१३५ | ९० |
| पहिलो किस्ता वितरण | ३५१४५ | ५९७५७७ | ७१३८९३ | ७३३९०५ | ९९ |
| निर्माण कार्य शुरु भएको घरहरु | – | ११३०९६ | ५१४४४६ | ५७०६६२ | ७७ |
| दोश्रो किस्ताको लागि निवेदन दिनेको संख्या | – | ७८३८० | ४८६९३७ | ५३६९६० | ७२ |
| दोस्रो किस्ता वितरण | – | ५५०५५ | ४६४३९१ | ५२३३७३ | ७१ |
| तेस्रो किस्ता वितरण | – | २७३४ | २२१७७६ | ३३५४८५ | ४५ |
| निर्माण कार्य सम्पन्न भएका घरहरु | – | ४४९२७ | २४९०९३ | ३३७३१९ | ४५ |
| प्रवलीकरण लाभग्राही | – | – | ५२०५४ | ६१०८६ | – |
| प्रवलीकरण लाभग्राही सम्झौता | | | ८८३३ | १२८९३ | २१ |

### ५.३ विकास आयोजनाहरुको पुनर्निर्माण :

१) रणनैतिक सडकतर्फ दोलखा-सिंगटी ३४.४९ कि.मि.मा ५७.७० प्रतिशत, धादिङ्ग-गोरखा ४२.१७ कि.मि. मध्ये ३८.०५ प्रतिशत र पाँचखाल-मेलम्ची २२.९७ कि.मि मध्ये २९.०४ प्रतिशत सडक पुनर्निर्माण सम्पन्न भएको । त्यसैगरी ग्रामीण सडकतर्फ विभिन्न जिल्लाहरुमा गरी कुल १००१ कि.मि. सडक मध्ये विभिन्न चरणमा काम भैरहेको ।

२) जोखिमयुक्त स्थानबाट सुरक्षित स्थानमा बस्ती स्थानान्तरणको लागिभौगर्भिक अध्ययन सम्पन्न गरिएका १०७५ वस्तीहरुमध्ये ३५६ स्थानान्तरण गर्न सिफारिस भएको ।

## ५.४ पुनर्निर्माण सम्बन्धमा रहेका सवालहरु :

१. आवश्यकता अनुसार मानव संसाधन आपूर्ति नहुनु र भएको जनशक्ति विना समन्वय सरुवा गरिनु
२. निजी आवास पुनर्निर्माणमा गुनासो व्यवस्थापन
३. प्राविधिकहरु कार्यक्षेत्रमा पुग्नु पूर्व निर्माण भैसकेका घरहरुको compliance को अवस्था रहनु ।
४ वन क्षेत्र, सार्वजनिक तथा सरकारी जग्गामा वसोवास गरेका लाभग्राहीहरुको स्थानान्तरण
५. भूमिहीन लाभग्राहीको भू-स्वामित्व सम्बन्धमा
६. जोखिमयुक्त वर्गका लागि आवास पुनर्निर्माण
७. दक्ष कामदारको आपूर्ति
८. जोखिमयुक्त स्थानबाट बस्ती स्थानान्तरण कार्य कार्यान्वयनमा जटिलता

## ६. राष्ट्रिय विकास समस्या समाधान समितिको ४३ औं बैठकका निर्णयहरुको प्रगति स्थिति

| सि. नं. | निर्णय | प्रगति स्थिति |
|---|---|---|
| १ | राष्ट्रपति चुरे तराई मधेश संरक्षण कार्यक्रम तथा राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु आरक्षण जस्ता कार्यक्रमले संरक्षित क्षेत्र निर्धारण गरी विशेष व्यवस्थापन गरेको छ। उक्त कारणले पहाड मधेश जोड्ने राजमार्ग र विद्युत प्रसारण लाइन तथा राष्ट्रिय प्राथमिकता प्राप्त आयोजना निर्माणमा ढिलाई भईरहेको हुँदा संरक्षित् क्षेत्रको संवेदनशिलता ध्यानमा राखी विकास निर्माण कार्यलाई द्रुत गतिदिन संरक्षित क्षेत्रको निश्चित क्षेत्रहरुबाट राजमार्ग, विद्युत प्रसारण लाइन तथा राष्ट्रिय प्राथमिकता प्राप्त आयोजनाको लागि Corridor तोक्न आगामी ४४औं राष्ट्रिय विकास समस्या समाधान समितिको बैठक अगावै खाका पेश गर्ने । | **(रक्षा मन्त्रालय)**<br>नेपाली सेनाद्वारा संरक्षित निकुञ्ज तथा आरक्षहरुमा राष्ट्रिय प्राथमिकता प्राप्त विकासका आयोजना पर्ने भए तापनि संरक्षित क्षेत्रको व्यवस्थापन राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभागबाट हुने हुँदा आयोजनाहरुको कोरिडोर तोक्ने सम्बन्धमा नेपाली सेनाको भूमिका नभएको । सडक विभागबाट निर्माणाधीन सडक आयोजनाहरु मध्ये नेपाली सेनालाई जिम्मेवारी प्राप्त विभिन्न खण्ड (सडक आयोजना) हरुको रेखाङ्कन सडक विभागबाट नै हुने गरेको ।<br>**(वन तथा वातावरण मन्त्रालय)**<br>१. राष्ट्रिय योजना आयोगले सो कार्यका लागि गठन गरेको समितिमा वन तथा वातावरण मन्त्रालयका सहसचिव डा कृष्ण प्रसाद आचार्य र राष्ट्रपति चुरे तराई मधेस संरक्षण विकास समितिका सदस्य(सचिव डा.प्रेम कडेंल सदस्य रहनु भएको ।<br>२. उक्त समितिको बैठक मा सम्भावित Corridor को खाका तयार गर्दा निम्न वमोजिमको विषयलाई ध्यानमा राख्नु पर्ने गरी मन्त्रालयमा तयारी बैठक सम्पन्न भएको ।<br>(क) राष्ट्रपति चुरे तराई मधेस संरक्षण विकास समितिले चुरे क्षेत्रमा गरेका महत्वपूर्ण अध्ययनहरु<br>• चुरे क्षेत्रका पहिरोहरुको अध्ययन<br>• चुरे क्षेत्रमा रहेका Faunal Biodiversity को अध्ययन<br>(ख)राष्ट्रिय निकुन्ज तथा वन्यजन्तु संरक्षण विभागको निर्देशिकाहरु<br>• संरक्षित क्षेत्र भित्र पर्यटकीय सेवा सञ्चालन तथा नियमन गर्ने सम्वन्धी कार्यविधि,२०७५<br>• संरक्षित क्षेत्र भित्र भौतिक पूर्वाधारहरु निर्माण एवं सञ्चालन सम्वन्धी कार्यनीति, २०७५<br>(ख) ध्यान दिनु पर्ने अन्य विषयहरु:<br>• संरक्षित क्षेत्रको Core Area, Ramsar Sites,विश्व सम्पदाको सूचीमा रहेको स्थानहरु, पहिरोको दृष्टिले अति संवेदनशील क्षेत्रहरु, Biological Diversity Hotspots<br>**(भौतिक पुर्वाधार तथा यातायात मन्त्रालय)**<br>देश संघीय संरचनामा गैसकेको अवस्थामा मन्त्रालय अन्तरगत नेपालको संविधानमा उल्लेख भए बमोजिम संघले व्यवस्थापन गर्ने राष्ट्रिय राजमार्गको निर्णय हुने प्रकृयामा रहेको । |

| | | |
|---|---|---|
| | | **(ऊर्जा,जलस्रोत तथा सिंचाइ मन्त्रालय)**<br>राष्ट्रिय योजना आयोगको समन्वयमा सचिव स्तरीय बैठक बसी निर्माणाधिन तथा योजनामा रहेका राजमार्ग र विद्युत्त प्रसारण लाइन तथा राष्ट्रिय प्राथमिकता प्राप्त आयोजना विकास निर्माण कार्यलाई सुचारु रुपले अगाडी बढाउन सह-सचिव स्तरीय समिति गठन भै चुरे तथा संरक्षित क्षेत्र एवं आयोजना Corridor सम्बन्धी विवरण संकलन गर्ने कार्य भैरहेको । |
| २. | सहरी विकास मन्त्रालयबाट भएका निर्माणाधिन संरचनाहरूको निरन्तरता सम्वन्धमा २०७५ कात्तिक मसान्तसम्ममा निर्माणाधिन संरचनाहरूको अद्यावधिक मूल्याङ्कन गरी संघीयताको कार्यान्वयनको सिलसिलामा प्रदेश र स्थानीय तहलाई हस्तान्तरण हुने संरचनाहरू तत् निकायबाटै सम्पन्न गर्ने गराउने व्यवस्था गर्ने । | **(सहरी विकास मन्त्रालय)**<br>संघ अन्तर्गतका कार्यालयहरुको चल सम्पतिको मूल्याङ्कन गरी आवश्यकताको आधारमा प्रदेश अन्तर्गतको कार्यालयहरुलाई चल सम्पतिहरुको हस्तान्तरण गरिएको र अचल सम्पति संघ र प्रदेश कार्यालयहरुलाई बाँडफाँड गरी उपयोग गर्न दिइएको, प्रदेशमा हस्तान्तरण भएको जनता आवास कार्यक्रम सम्बन्धी श्रेस्ता हस्तान्तरणको प्रक्रियामा रहेको । |
| ३ | विद्युत, टेलिफोन, खानेपानी, ढल निकास निर्माण गर्ने निकायहरुले आपसमा समन्वय नगरी आ-आफ्नो योजना अनुसार सार्वजनिक निर्माण कार्य गर्नाले सहरी क्षेत्रमा समस्या परिरहेको हुँदा सहरी क्षेत्रलाई व्यवस्थित, सफा र स्वच्छ राख्न विद्युत, टेलिफोन, खानेपानी, ढल, सडक लगायत सार्वजनिक उपयोगिताका सेवाहरु संचालनका लागि एकीकृत योजनाका आधारमा निर्माण कार्य गर्न २०७५ चैत्र मसान्त सम्ममा राष्ट्रिय योजना आयोगको समन्वयमा सहरी विकास मन्त्रालयको नेतृत्वमा विषयगत मन्त्रालयहरुले एकीकृत सेवा ऐन (Integrated Utility Corridor Act) तर्जुमा गर्ने । | **(सहरी विकास मन्त्रालय)**<br>मन्त्रालयबाट Integrated Utility Corridor ऐनसम्बन्धी मस्यौदा Concept Paper तयार गरिएको तथा सो सम्बन्धमा हाल तयारीको क्रममा रहेको शहरी विकास ऐनमा समेत समावेश गरिने ।<br>**(संचार तथा सूचना प्रविधि मन्त्रालय)**<br>(१) तार व्यवस्थापनसँग सम्वन्धित मापदण्ड तयार पार्न, Pilot प्रोजेक्ट डिजाइन गर्न आशय पत्र माग गरी चार वटा अन्तर्राष्ट्रिय संस्थाको संक्षिप्त सूची तयार गरी आगामी पुस २६ गते Tender खोल्ने तयारी गरिएको ।<br>(२) मुख्य गरी भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयका तर्फबाट सडक मापदण्डमा Utility Duct राख्ने व्यवस्था अनिवार्य नगरिएसम्म यस समस्याको समाधान हुने देखिदैन । यस तर्फ आवश्यक पहल हुनु पर्ने देखिन्छ ।<br>**(भौतिक पुर्वाधार तथा यातायात मन्त्रालय)**<br>एकिकृत सेवा ऐन तर्जुमा गर्ने कार्य शुरु हुन नसकेको ।<br>**(ऊर्जा,जलस्रोत तथा सिंचाइ मन्त्रालय)**<br>राष्ट्रिय योजना आयोग एवं सहरी विकास मन्त्रालयको समन्वयमा एकिकृत सेवा ऐन (Integrated Utility Corridor Act) तर्जुमा गर्न कार्यमा समन्वय भैरहेको । |
| ४ | स्वीकृत खरिद गुरु योजना अनुसार वार्षिक बजेट विनियोजन नभएको र खरिद योजना अनुसार कार्य सम्पादनको अनुगमन नभएको सन्दर्भमा सबै विषयगत मन्त्रालयले खरिद गुरू योजना अनुसार बन्ने वार्षिक खरिद योजना श्रावण मसान्तभित्र स्वीकृत गरी सो अनुसार अनुगमन गरी अद्यावधिक विवरण र प्रगति हुन नसकेको भए समस्या सहित उल्लेख गरी २०७५ असोज मसान्त भित्र राष्ट्रिय योजना आयोगको चौमासिक प्रगति समीक्षामा पेश गर्ने र अर्थ मन्त्रालयले स्वीकृत खरिद गुरू योजना अनुसार वार्षिक बजेट विनियोजन गर्ने । | **(खानेपानी मन्त्रालय)**<br>खरिद गुरु योजना अनुसार गर्ने कार्य प्रक्रियामा रहेको ।<br>**(रक्षा मन्त्रालय)**<br>(१) रक्षा मन्त्रालयको भवन निर्माणको खरिद गुरुयोजना तयार भई सोही अनुसार वार्षिक खरिद योजना तथा कार्यक्रम समयमै स्वीकृत भई कार्यान्वयनमा रहेको ।<br>(२) नेपाली सेनाको लागि आवश्यक सामग्री र उपकरण खरिद गर्न खरिद गुरुयोजना तयार भई स्वीकृत खरिद गुरुयोजनामा आधारित भई वार्षिक खरिद योजना तथा कार्यक्रम स्वीकृत भई कार्यान्वनयमा रहेको ।<br>(३) स्वीकृत खरिद योजना अनुसार कार्य भए नभएको नियमित रूपमा अनुगमन गर्ने गरिएको । |

| | | |
|---|---|---|
| | | **(सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय)**<br>पूर्वाधारसम्बन्धी क्रमागत योजनाहरुको वहु वर्षिय ठेक्का योजना खरिद गुरुयोजना स्वीकृत गरी कार्यान्वयन भैरहेको । साल वसाली कार्यक्रमहरुको वार्षिक विकास कार्यक्रम स्वीकृत गर्दा खरिद योजना तयार गर्ने गरिएको ।<br>**(अर्थ मन्त्रालय)**<br>आगामी आर्थिक वर्षको बजेट तर्जुमाका बखत प्रस्ताव भई आएमा छलफल गरी टुंगाउन सकिने ।<br>**(सहरी विकास मन्त्रालय)**<br>स्वीकृत खरिद गुरुयोजना बमोजिम बजेट व्यवस्थाको लागि अर्थ मन्त्रालयमा अनुरोध गरिएको<br>**(स्वास्थ्य तथा जनसंख्या मन्त्रालय)**<br>स्वास्थ्य तथा जनसंख्या मन्त्रालय अन्तर्गत सवै खरिद सम्बन्धी कार्यको लागि नियमित बजेट विनियोजन भै रहेको । हाल सम्म कुनै पनि आयोजनाहरु बिना बजेट समावेश नै नगरिएको, सबै क्रियाकलापको नियमित बजेट बिनियोजन गरी गराई बार्षिक खरिद योजना तयारी तथा स्वीकृत गरी सोही बमोजिम खरिद कार्य भै रहेको ।<br>**(संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय )**<br>मन्त्रालयले खरिद गुरुयोजना अनुसारको वार्षिक खरिद योजना तयार गरी कार्यान्वयनमा ल्याएको ।<br>**(कृषि तथा पशुपन्क्षी मन्त्रालय)**<br>सवै आयोजना तथा कार्यक्रमको खरिद योजना स्वीकृत भैसकेको ।<br>**(युवा तथा खेलकुद मन्त्रालय)**<br>स्वीकृत खरिद योजना अनुसारका कार्यहरुको अनुगमन भैरहेको ।<br>**(महिला तथा बालबालिका मन्त्रालय)**<br>खरिद गुरु योजना बनाउनुपर्ने ठूलो खरिदको कार्यक्रम नरहेको । खरिद ईकाई र मूल्याङ्कन समिति गठन भएको ।<br>**(भौतिक पुर्वाधार तथा यातायात मन्त्रालय)**<br>समस्या नभएको ।<br>**(ऊर्जा,जलस्रोत तथा सिंचाइ मन्त्रालय)**<br>अधिकांश योजनाहरूको खरिद गुरु योजना अनुसार वार्षिक खरिद योजना बनाई स्वीकृत गर्नुका साथै स्वीकृत खरिद गुरु योजना अनुसार वार्षिक बजेट व्यवस्थाका लागि अर्थ मन्त्रालयसँग समन्वय गर्ने गरिएको ।<br>**(गृह मन्त्रालय)**<br>यस मन्त्रालयमा क्रमागत योजनाहरु नभएका कारणले खरीद गुरुयोजना निर्माण नभएको । वार्षिक खरिद योजना अनुसार खर्च गर्ने गरिएको । मन्त्रालय अन्तर्गतका निकायहरुमा भवन निर्माण लगायतका क्रमागत कार्यक्रमहरु खरिद गुरुयोजना अनुसार हुने गरेको । खरिद योजना अनुसारको कार्य भए नभएको सम्बन्धमा अनुगमन गर्ने योजना रहेको । |

| | | |
|---|---|---|
| ५ | विकास आयोजनाहरु तोकिएको समय, लागत र गुणस्तरमा सम्पन्न हुन नसकी प्रतिफल समेत सन्तोषजनक नभएको सन्दर्भमा राष्ट्रिय योजना आयोग (गठन तथा कार्यसञ्चालन आदेश, २०७४) को कार्यादेश बमोजिम राष्ट्रिय आयोजना बैंक (National Project Bank) निर्माण गर्न विषयगत मन्त्रालय तथा निकायहरुले आयोजना बैंकमा समावेश हुने आयोजनाहरुको विवरण २०७५ कात्तिक मसान्त भित्र राष्ट्रिय योजना आयोगले तोकेको ढाँचामा आयोगमा पेश गर्ने । | **( खानेपानी मन्त्रालय)**<br>राष्ट्रिय आयोजना बैंक निर्माण गर्ने कार्य प्रक्रियामा रहेको ।<br>**(सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय)**<br>साना सिँचाइ, ग्रामीण पहुँच कार्यक्रम, पूर्वि चितवन नदी व्यवस्थापन तथा जीविकोपार्जन सुधार कार्यक्रम तथा उन्नती कार्यक्रमको राष्ट्रिय आयोजना बैंकमा समावेश हुने आयोजनाहरुको विवरण तयार गरी पठाइएको ।<br>**(सहरी विकास मन्त्रालय)**<br>राष्ट्रिय आयोजना बैंकको लागि मन्त्रालय अन्तर्गतका निकायहरुबाट आयोजनाहरुको सूची तयारी भैरहेको ।<br><br>(**भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय**)<br>गेम चेन्जर आयोजनाको सूची पठाइएको<br>(**संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय** )<br>आयोजना बैंकमा समावेश हुने आयोजनाहरुको विवरण अन्तर्गतका निकायहरुबाट माग गरिएको र सबै निकायबाट विवरण प्राप्त भइनसकेको हुँदा समयमै पठाउन नसकिएको ।<br>**(कृषि तथा पशुपंक्षी मन्त्रालय)**<br>१९वटा प्रस्तावको मस्यौदा तयार भई राष्ट्रिय योजना आयोगमा पठाइएको र जम्मा ५० वटा प्रस्ताव तयारीको क्रममा रहेको ।<br>**(महिला तथा बालबालिका मन्त्रालय)**<br>मन्त्रालयमा सम्पर्क बिन्दु तोकिएको र राष्ट्रिय योजना आयोगको निर्देशानुसार काम भैरहेको ।<br>**(भौतिक पुर्वाधार तथा यातायात मन्त्रालय)**<br>नेपालको संविधानमा उल्लेख भए बमोजिम संघले व्यवस्थापन गर्ने राष्ट्रिय राजमार्गको निर्णय भएपछि कार्यान्वयनमा लगिने<br>**(श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय)**<br>सुरक्षित आप्रवासन परियोजना तेस्रो चरणको विवरण तोकिएको ढाँचामा भरी पठाइसकिएको ।<br>**(रक्षा मन्त्रालय)**<br>रक्षा मन्त्रालय र अन्तर्गत निकायबाट आयोजना बैंकमा समावेश गर्नुपर्ने आयोजनाहरूको विवरण निश्चित ढाँचामा भरी मिति २०७५ मंसिर १० मा राष्ट्रिय योजना आयोगमा उपलब्ध गराई सकिएको ।<br>(**ऊर्जा,जलस्रोत तथा सिंचाइ मन्त्रालय**)<br>राष्ट्रिय योजना आयोगबाट माग भए अनुसार आयोजना बैंकमा समावेश हुने संभाव्य आयोजनाहरुको विवरण संकलन गरी पठाउने कार्य भैरहेको ।<br>**(युवा तथा खेलकुद मन्त्रालय)**<br>यस सम्बन्धी कार्यविधि निर्माण भैरहेकाले सो निर्माण पश्चात योजना बैंक तयार गरिने । |

| | | |
|---|---|---|
| ६ | कृषि क्षेत्रको विकासको लागि सिंचाइ प्रणालीमा ठुलो लगानी भईरहेको तर कतिपय सिंचाई क्षेत्रमा समेत वस्ती विकास तथा सहरीकरण भईरहेकोले लगानीको प्रतिफल प्राप्त गर्न नसकेको हुँदा सिंचाइ आयोजनाको स्वीकृत कमाण्ड क्षेत्रमा वस्ती विस्तार हुने कार्यलाई नियमन गर्नको लागि उर्जा, जलस्रोत तथा सिंचाइ मन्त्रालयले कृषि तथा पशुपन्छी विकास मन्त्रालय, भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय र सहरी विकास मन्त्रालयको सहयोगमा २०७५ पौष मसान्त भित्र भू-उपयोग योजना बनाउने । | **(सहरी विकास मन्त्रालय)**<br>उर्जा, जलस्रोत तथा सिचाई मन्त्रालयको नेतृत्वमा समिति गठन भई भु-उपयोग कार्ययोजना बनाउने कार्य अघि बढेको ।<br><br>**(कृषि तथा पशुपन्क्षी मन्त्रालय)**<br>कृषि विभागको संयोजनमा सह- सचिव श्री राजेन्द्र प्रसाद मिश्र को संयोजकत्वमा समिति बनी सक्रियताका साथ सहयोगी भूमिका निर्वाह गठरिरहेको ।<br>(**भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय**)<br>राष्ट्रिय योजना आयोगका माननीय सदस्य डा.कृष्ण प्रसाद ओलीको संयोजकत्वको समितिले कार्य गरिरहेको । साथै सिंचाई मन्त्रालयका सहसचिवको संयोजकत्वमा गठन भएको उपसमितिमा यस मन्त्रालयको प्रतिनिधि पठाइएको र उपसमितिले काम गरिरहेको ।<br>(**ऊर्जा,जलस्रोत तथा सिंचाइ मन्त्रालय**)<br>राष्ट्रिय योजना आयोगको समन्वयमा सचिवस्तरीय बैठक बसी यस मन्त्रालयको संयोजकत्वमा संबन्धित मन्त्रालयहरूको प्रतिनिधित्व सहित सह-सचिव स्तरीय कार्यदल गठन भै कार्य भैरहेको, |

## ७. विभिन्न मन्त्रालयहरूवाट राष्ट्रिय विकास समस्या समाधान समितिमा प्रस्तुत गर्न प्रस्तावित समस्याहरू

### ७.१ भूमि व्यवस्था, सहकारी तथा गरिवी निवारण मन्त्रालय

१) सेवा प्रवाहलाई चुस्त, दुरुस्त र गुणस्तरीय बनाउन मालपोत तथा नापी कार्यालयहरुमा रिक्त रहेको दरबन्दी अनुसार कर्मचारी पदपूर्ति गरिदिन सामान्य प्रशासन मन्त्रालयमा पुन अनुरोध गर्ने,

२) गरिब घर परिवार पहिचान कार्यक्रमलाई ५१ वटै जिल्लामा एकै चोटी सञ्चालन गर्न पर्याप्त बजेटको व्यवस्था गरी पहिचान भएका गरिब घरपरिवारका लागि सेवा सुबिधा लगायत लक्षित कार्यक्रमहरु सम्बन्धित सबै निकायहरु मार्फत संचालन हुनु पर्ने ।

३) ७ वटै प्रदेश सरकार अन्तर्गत सहकारी रजिष्ट्रार तथा प्रशिक्षण केन्द्रको कार्यालयको स्थापना गरी स्थानीय तहमा सहकारी क्षेत्र हेर्ने छुट्टै इकाईको व्यवस्था गर्नु पर्ने ।

४) विशेष नापी कार्यालयमा कार्यरत कर्मचारीहरुका लागि प्रोत्साहन भत्ताको व्यवस्था गर्ने ।

५) प्रदेश र स्थानीय तहमा हस्तान्तरण गरिएका तथा सञ्चालनको जिम्मेवारी दिइएका कार्यक्रम तथा आयोजनाकोप्रगति प्रतिवेदन संघको सम्बन्धित निकायमा प्राप्त हुने व्यवस्था गर्ने ।

### ७.२ संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय

१) प्रदेश तथा स्थानीय तहको संस्थागत क्षमता विकास: नमूना कानून निर्माण, तालिम, सफ्टवेयर निर्माणको जिम्मेवारी लिने बिषयमा दोहोरोपना आएकोले यसलाई स्पष्ट मार्गदर्शन गरिनुपर्ने ।

२) स्थानीय तथा प्रदेश तहमा वित्तीय हस्तान्तरण तथा राजस्व परिचालनबाट निकै ठूलो साधन परिचालन भएकोमा यसको आम्दानी, खर्च र भौतिक उपलब्धीको समष्टिगत प्रतिवेदन प्राप्त गर्ने ।

३) साविकमा जिल्लास्तर र क्षेत्रीयस्तरमा रहेका बिषयगत कार्यालयले गरी आएका कार्य जिम्मेवारीहरु अब स्थानीय तथा प्रदेश तहमा हस्तान्तरण भएकोले अब जिल्लामा रहेका त्यस्ता कार्यालयहरुका सम्पत्ति, भवन र अन्य जायजेथा सम्बन्धित स्थानीय तह र प्रदेश तहमा हस्तान्तरण गर्नुपर्ने भएकोले बिषयगत मन्त्रालयहरुले सहजीकरण गर्नुपर्ने।

४) स्थानीय तहमा वैदेशिक सहायता परिचालन र विकास सम्बन्धमा हाल कसले र कसरी गर्ने भन्ने बिषयमा अन्यौलता रहेकोले यसलाई स्पष्ट गरी स्थानीय तहको लागि आवश्यक वैदेशिक सहायता परिचालनको बाटो खुला गर्नुपर्ने ।

५) नेपालको निजामती सेवालाई दक्ष, व्यवसायिक र सक्षम बनाउन तालिम प्रदान गर्ने उद्धेश्यले स्थापित नेपाल प्रशासनिक प्रशिक्षण प्रतिष्ठानलाई आवासीय तालिम सञ्चालन गर्न स्थान अभावले समस्या परिरहेको सन्दर्भमा प्रतिष्ठानले काभ्रेपलाञ्चोक जिल्लाको नमोबुद्ध नगरपालिका वडा नं २ दाप्चामा ७५८ रोपनी जग्गा प्राप्त गरी स्थायी संरचना तयार गर्ने प्रस्ताव तयार गरेको सन्दर्भमा हाल प्रारम्भिक वातावरणीय परीक्षण गर्ने र त्यसपछि जग्गा प्राप्ती र संरचना निर्माण गर्न संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, अर्थ मन्त्रालय, वन तथा वातावरण मन्त्रालय, भूमि व्यवस्था तथा सहकारी मन्त्रालय र राष्ट्रिय योजना आयोगको सहमति र सहयोग आवश्यक भएकोले सबै मन्त्रालयहरुलाई यस बिषयमा निर्देशन हुनुपर्ने ।

६) केन्द्रको समिति, आयोग, प्रतिष्ठानको प्रदेश तथा स्थानीय तहमा समन्वय र सहकार्य गर्ने ।

७) स्थानीय पूर्वाधार साझेदारी विकासकार्यक्रम, तराई मधेश समृद्धि कार्यक्रम, झोपु र सडकपुलको वैशाख १५ भित्र योजना छनौट कार्य व्यवस्था हुनुपर्ने ।

### ७.३ उर्जा, जलस्रोत तथा सिंचाइ मन्त्रालय

१) आयोजना अन्तर्गतका संरचनाहरुमा निर्माणमा प्रयोग हुने स्थानीय नदीजन्य निर्माण सामग्री (गिट्टी, ढुंगा,बालुवा आदि) को सहज आपूर्ति तथा व्यवस्थामा समस्या ।

२) ठूला आयोजनहरुको निर्माणका लागि आवश्यक निजी, ऐलानी, वन, जंगल तथा अव्यवस्थित वसोबास क्षेत्रको जग्गा प्राप्तीमा समस्या ।

३) नेपाल सरकारको लगानीमा सञ्चालित आयोजना सञ्चालन कार्यविधि २०७४ को व्यवस्थानुसार ३३ केभी वितरण आयोजनाको समेत IEEगर्नुपर्ने भएकोले आयोजना निर्माणमा ढिलाई ।

### ७.४ भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय

१) EIA / IEE स्वीकृति पश्चात वन क्षेत्रमा आयोजनाहरुले काम गर्दा भोगाधिकारको विवाद आइरहने हुँदा भोगाधिकारको विवादलाई उच्चस्तरमा छलफल गरी समाधान हुनु पर्ने ।

२) जग्गा अधिग्रहण तथा मुआब्जा निर्धारण कार्यमा स्थानीयस्तरमा सधै विवादयुक्त भइरहने हुँदा यसलाई सरोकारवाला सबै निकायसँग छलफल गरी राष्ट्रिय नीति ल्याइनुपर्ने ।

३) जग्गा धनि दर्ता प्रमाण पूर्जा नभएको जग्गाहरुको सम्बन्धमा भोगचलन गर्नेहरुबाट विवाद भइरहने हुँदा सो सम्बन्धमा स्पष्ट नीति ल्याइनुपर्ने ।

४) खोलाजन्य सामाग्रीको उपलब्ध गराउन पहल गरिनुपर्ने ।

५) विष्फोटक पदार्थको सर्वसुलभताको अभावमा निर्माण कार्यहरु प्रभावकारी हुन नसकेकोले विष्फोटक पदार्थहरु उपलब्ध गराउन पहल हुनु पर्ने ।

६) जलाशययुक्त आयोजनाहरु निर्माण गर्ने भनी सो क्षेत्रमा भौतिक पूर्वाधारका कार्यहरु र सडक निर्माणमा विवाद देखिएकोले सो क्षेत्रमा पूर्वाधारको कार्य अगाडी बढाउन स्पष्टता हुनुपर्ने ।

७) आयोजना बैंकका लागि निश्चित आधारहरु तय हुनुपर्ने ।

### ७.५ उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय

१) खानी तथा भूगर्भ विभागबाट अन्वेषणात्मक कार्य गरी गुण र परिमाण यकिन गरिएको खनिज (औद्योगिक व्यवशाय ऐन, २०७३ को दफा १७ अनुसार राष्ट्रिय प्राथमिकता प्राप्त खनिज उद्योग) प्राप्त क्षेत्रलाई खानी क्षेत्र घोषणा गर्न सो क्षेत्र वन क्षेत्रमा पर्ने भए सो को भोगाधिकार खानी तथा भूगर्भ विभागलाई हस्तान्तरण गरी खनिज प्रयोगमा ल्याउने र खनिज कार्य समाप्त भए पश्चात पुर्नस्थापना गरी बनलाई हस्तान्तरण गरिने व्यवस्था हुनु पर्ने ।

२) काठमाडौंको चोभारमा सुख्खा बन्दरगाह निर्माण कार्य केहि स्थानीय व्यक्तिहरुको अबरोधको कारण स्थगित भएकोले निर्माण कार्य सुचारु गराउन सुरक्षाका लागि गृह मन्त्रालय तथा सहजीकरणका लागि किर्तिपूर नगरपालिकालाई निर्देशन दिने ।

३) मोतिहारी अमलेखगन्ज पाईप लाईन मार्गमा पर्ने महेन्द्र राजमार्ग किनारमा पर्ने पर्सा बन्यजन्तु आरक्ष भित्रको करिब ६७०० रुख कटान यसै डिसेम्बर महिना भित्र नभएमा आयोजना कार्यान्वनमा ढिलाई हुन सक्ने भएकोले बन क्लियरेन्स गर्न बन तथा वातावरण मन्त्रालयलाई सहयोगको लागि निर्देशन दिने ।

४) स्वदेशी उद्योगहरुको संरक्षण एवम् स्वदेशी वस्तुको गुणस्तरीय उत्पादन तथा बजारीकरणको माध्यमवाट आयात प्रतिष्ठापन गर्ने उद्देश्यले वनाइएको स्वदेशी वस्तुको उपयोग सम्बन्धी निर्देशिका २०७५ नेपाल सरकारको उपयुक्त निकायवाट जारी हुनुपर्ने ।

### ७.६ श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय

१) प्रधानमन्त्री रोजगार कार्यक्रमको कार्यान्वयनमा प्रदेश तथा स्थानीय तहसँग समन्वय र सहजीकरण ।

### ७.७ रक्षा मन्त्रालय

१) काठमाण्डौ- तराई/मधेस द्रुतमार्ग सडक आयोजना अन्तर्गत खोकना बुङमती क्षेत्रमा अधिग्रहण भएका जग्गाको मुआब्जा कम भएको, त्यस क्षेत्रमा पुरातात्विक सम्पदालाई संरक्षण गर्ने गरी निर्माण कार्य अघि बढाउनुपर्ने स्थानीय बासिन्दाको माग, द्रुतमार्ग निर्माणमा संलग्न सैनिकलाई खाजा तथा जोखिम भत्ता उपलब्ध गराउनुपर्ने विषय, शुरुमा एशियाली विकास बैकबाट प्रस्तावित सुरुङमार्गलाई परिवर्तन गरी नयाँ स्थानमा सुरुङ बनाउनुपर्ने विषयलाई सम्बोधन गर्न राष्ट्रिय योजना आयोग, रक्षा मन्त्रालय, भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय र अर्थ मन्त्रालयबीच उच्च तहमा बैठक गरी उचित निष्कर्ष पहिल्याउने ।

२) नेपाली सेनाले भारत सरकारसँग ६०:४० Funding Arrangement अन्तर्गत खरिद गरेको हातहतियार लगायत विभिन्न सैन्य उपकरणको लागि बुझाउन बाँकी बक्यौता रकम वर्षेनी बढ्दै गई हाल करिब रु. ३ (तीन) अर्ब नाघिसकेको सन्दर्भमा यो बक्यौता रकमलाई के कसरी फरफारक गर्ने भन्ने सम्बन्धमा रक्षा मन्त्रालय, अर्थ मन्त्रालय र परराष्ट्र मन्त्रालयबीच त्रिपक्षीय बैठक गरी ठोस धारणा बनाउने ।

### ७.८ संस्कृति,पर्यटन तथा नागरिक उड्उन मन्त्रालय

१) गौतम बुद्ध अन्तराष्ट्रिय विमानस्थल क्षेत्रमा करिब ७ लाख घन मि. माटो Filing गर्नुपर्ने । माटो प्राप्त गर्ने सिलसिलामा प्रदेश तहमा समेत कर तिर्नुपर्ने प्रावधानका कारण समस्या सिर्जना भएको ।

२) भूकम्पबाट क्षतिग्रस्त सम्पदाको पुनःनिर्माण सम्बन्धमा भारतीय एक्जिम बैंकको सहयोग परिचालनको मोडालिटी जटिल भएको ।

### ७.९ कृषि तथा पशुपन्क्षी विकास मन्त्रालय

१) प्रदेश तथा स्थानीय तहमा सशर्तमा विनियोजन भएका कार्यक्रमहरुको नियमित रिपोर्टिंग गर्ने वाध्यकारी व्यवस्था नभएको ।

२) कृषि तथा पशुपन्छी विकास मन्त्रालयले ७ वटै प्रदेशहरुमा अन्तर्किया गरिरहेको ।

३) माननीय मन्त्रीज्यूकै पहलमा संयन्त्र विकास गरिनु पर्ने र NDAC मा समेत पेश गर्ने ।

### ७.१० शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय

१) स्थानीय तह तथा प्रदेश तहबाट खर्च प्रगती प्रतिवेदन प्राप्त गरी सो अनुसारका सोधभर्ना रकम लिन कठिनाइ भएकोले Reporting संयन्त्र निर्माण गर्नु पर्ने ।

२) चालु वर्षका कार्यक्रम कार्यान्वयनका लागि प्रदेश स्तरीय सामाजिक विकास मन्त्रालय तथा स्थानीय तहहरुसँग दोहोरो सञ्चार संयन्त्र निर्माण गर्नु पर्ने ।

३) विश्वविद्यालयहरुको सम्बन्धन हाल रोक्का गरी नक्साङ्कनको अधारमा सम्वन्धन दिने । सम्बन्धन दिँदा प्रादेशिक आवश्यकता र स्रोतको आधारमा सीप तथा आयमूलक विषयहरुलाई प्राथमिकीकरण गर्न निर्देशन दिनु पर्ने ।

### ७.११ महिला, बालवालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय

१) संघीयता कार्यान्वयनको क्रममा महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय अन्तर्गत रहेका जिल्ला स्थित संरचनाहरु विघटन भएका कारण इतिहास बोकेको महिला विकास कार्यक्रमवाट प्राप्त उपलब्धिलाई संस्थागत गर्न र निरतरता दिन नसक्दा हाल शुन्यको अवस्थामा रहेको ।

२) सम्माननीय राष्ट्रपतिज्यूको गरिमामय पदसँग जोडिएको, राष्ट्रिय महत्वको विषय भएको र महिला सशक्तिकरणको विषयसंग जोडिएको यस मन्त्रालयको एकमात्र महत्वपुर्ण कार्यक्रमको रुपमा रहेको यस राष्ट्रपति महिला उत्थान कार्यक्रमलाई प्राथमिकता दिँदै राष्ट्रिय गौरबको योजना/आयोजनामा समाबेश गर्नुपर्ने ।

### ७.१२ वन तथा वातावरण मन्त्रालय

**१) कानूनी सवाल:**

- संघीय संरचना अनुसार वनका अधिकांश निकाय प्रदेश मातहत रहनु तर सो अनुरुप कानूनहरुको संशोधन भइ नसक्नु,
- वनको राजश्व संकलन र मूद्दा सम्बन्धी काम संघले मात्र गर्नु पर्ने अन्य कानूनी व्यवस्था भएकाले डिभिजन वन कार्यालयहरु प्रदेश मातहत रहदा समस्या पर्नु ।

**२) सूचना, अनुगमन र समन्वयको सवाल:**

- संघ अन्तरगतको वन तथा वातावरण मन्त्रालय र प्रदेश अन्तरगतको उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय र अन्तरगतका डिभिजन वन कार्यालयहरु बीचको समन्वय र सूचना आदानप्रदान र अनुगमन गरी प्रगति माग गर्ने सम्बन्धमा स्पष्टता नहुनु ।

**३) बजेट तथा कार्यक्रम वाँडफाँड सम्बन्धी सवाल:**

- संघबाट प्रदेश मातहतका निकायमा बजेट बाँडवाँड गर्दा जटिलता आई ढिला भएका कारणले प्रथम चौमासिकमा अपेक्षित बजेट खर्च हुन नसक्नु र सो अनुरुप प्रगति कमहुनु ।

### ७.१३ अर्थ मन्त्रालय

१) अनियन्त्रित मुआब्जा निर्धारणको कारण स्रोत व्यवस्थापनमा चुनौती ।

२) मन्त्रालयहरुको पूँजिगत खर्चमा सुस्तता ।

३) स्वीकृत बजेट तथा कार्यक्रम कार्यान्वयन नगरी सो भन्दा बाहिरका कार्यक्रमका लागि थप बजेट माग गर्ने प्रवृतिले वित्तीय अनुशासन कायम राख्न चुनौती ।

### ७.१४ स्वास्थ्य तथा जनसंख्या मन्त्रालय

१) स्वास्थ्य तथा जनसंख्या मन्त्रालय र अन्तर्गतका निकाय (विभागहरू) तथा स्वास्थ्य संस्थाहरू रिक्त दरवन्दीहरूमा करारमा नियुक्त भएका कर्मचारीहरूको लागि यही पौष महिना देखि तलव भत्ता विनियोजन नभएकाले त्यस्ता कर्मचारीवाट प्रवाह गरिने सेवामा वाधा पर्ने हुँदा बाँकी महिनाका लागि तलव भत्ता विनियोजन हुनु पर्ने सम्वन्धमा:-

करारका कर्मचारीहरूलाई चालु आर्थिक वर्षको असार मसान्तसम्म निरन्तरता दिने गरी तलव भत्ताको व्यवस्थाका लागि नीतिगत निर्णय हुनको लागि ४४ औ राष्ट्रिय विकास समस्या समितिको बैठकमा (NDAC) मा पेश गर्ने ।

**२) मानव अंग प्रत्यारोपन केन्द्र भक्तपुरको भवन निर्माणको लागि जग्गा उपलव्ध सम्वन्धमा :-**

सेवा विस्तार र विरामिको चाँप अनुसार आफ्नो एक मात्र भवन अपुग भएकाले आ.व. २०७३ र ७४ को वजेट भाषण मै सल्लाघारी तिनकुने स्थित नेपाल ट्रस्टको करिव १०० रोपनी जग्गामा अत्याधुनिक मृगौला उपचार केन्द्र वनाउन घोषणा भई वजेट समेत विनियोजन भएको तर उक्त जग्गा प्राप्तीका लागि स्वास्थ्य मन्त्रालयवाट ट्रस्टलाई वारम्वार पत्राचार गर्दा पनि जग्गा प्राप्ती हुन नसकेकाले राष्ट्रिय विकास समस्या समाधान समितिको ३८ औ बैठकमा प्रस्तुत भएको र यस सम्वन्धमा ३८ औ बैठकले, भक्तपुरको सल्लाघारी तिनकुने स्थित नेपाल ट्रष्टको करिव १०० रोपनी जग्गामा अत्याधुनिक मृगौला उपचार केन्द्र वनाउन नेपाल ट्रष्टको कार्यालयले आवश्यक प्रक्रिया पुर्याई उक्त जग्गा मानव अंग प्रत्यारोपण केन्द्रलाई दुई महिना भित्र उपलव्ध गराउने भन्ने निर्णय गरेको । तर नेपाल ट्रष्टले हालसम्म पनि उक्त जग्गा उपलव्ध गराउने सम्वन्धमा कुनै पहल नगरेकाले, जग्गा उपलव्ध गराउन नसकेमा सेवा विस्तार र विकास गर्न नसिकने अवस्था रहेको मध्यनजर गर्दै सो जग्गा उपलव्धका लागि पुन: राष्ट्रिय विकास समस्या समितिको ४४ औ बैठकमा (NDAC) मा पेश गर्ने ।

### ७.१५ राष्ट्रिय विकास समस्या समाधान समितिको बैठकमा प्रस्ताव गर्न समस्या नभएका मन्त्रालयहरू

४४ औं राष्ट्रिय विकास समस्या समाधान समितिको बैठकमा निर्णयका लागि कुनैपनि समस्या प्रस्तुत नभएको निकाय/मन्त्रालय निम्न छन् :

- राष्ट्रिय पुर्ननिर्माण प्राधिकरण,
- गृह मन्त्रालय,
- खानेपानी मन्त्रालय,
- सहरी विकास मन्त्रालय,
- युवा तथा खेलकूद मन्त्रालय
- संचार तथा सूचना प्रविधि

## ८. आयोजनाहरुको स्थलगत अनुगमन निरीक्षण तथा देखिएका समस्या तथा समाधानका लागि सुझावहरु

### ८.१ आ.व. वर्ष २०७५/७६ मा आयोगका पदाधिकारीको नेतृत्वमा स्थलगत अनुगमन गरिएका विभिन्न आयोजनाहरुको विवरण:

आ.व. २०७५/०७६ को प्रथम चौमासिकमा आयोगका पदाधिकारी तथा कर्मचारीहरुको नेतृत्वमा गरिएको स्थलगत अनुगमनबाट आयोजनाहरुमा देखिएका समस्या तथा समाधानका लागि सुझावहरु

**(१) गौतमवुद्ध अन्तर्राष्ट्रिय विमानस्थल सुदृढीकरण आयोजना**

**वस्तुस्थिति :**

- आयोजना सम्पन्न भएपछि लुम्विनी क्षेत्रमा भ्रमण गर्ने पर्यटकको संख्या बढ्दा हवाइसेवा समेत विस्तार हुने भएकाले आयोजनाको Apron Part सानो हुने ।
- निर्वाध रुपले जहाज उडान र अवतरण गर्न पनि End to End Taxi Way बनाउने गरी आयोजना विस्तार गर्न उपयुक्त हुने ।
- उक्त Taxi way बनाउन थप ४० करोड बजेट आवश्यक पर्ने ।

**सुझाव र निर्देशन**

- उक्त Taxi Way निर्माण गर्न लाग्ने थप रकम बाहेक आयोजना तोकिएकै समयमा थप लागत नबढ्ने गरी सम्पन्न गरी कार्यन्वयन र सञ्चालनमा ल्याउने ।
- आयोजना कार्यान्वयनको सवालमा केही समस्या देखा परे राष्ट्रिय योजना आयोग लगायत अन्य सम्बन्धित निकायलाई समयमै सोबारे छिटो साधन एवं लिखित माध्यमवाट जानकारी गराउने ।

**(२) लुम्विनी विकास आयोजनाका**

**समस्याहरु :**

- स्थानीयस्तरको सहयोग जुटाउन नसकिएको ।
- जनशक्ति र वजेटको अभाव रहेको ।
- अन्तरर्राष्ट्रिय प्रतिवद्धता अनुरुप श्रोत प्राप्त नभएको ।
- लुम्विनीको आर्थिक र साँस्कृतिक विकासमा बल पुऱ्याउन गुणस्तरीय पर्यटकहरु आकर्षित गर्ने नीति तर्जुमा हुन नसकेको ।
- गरुयोजना अनुसार करिब ७५ प्रतिशत कार्य सम्पन्न भइसकेको र बाँकी १७ वटा क्रियाकलाप सम्पन्न गर्न थप ५ अर्व ९० करोड बजेट अपुग रहेको ।

**सुझाव :**

- गुरु योजना अनुसार निर्धारित कार्यहरु तोकिएकै समय सीमा भित्र सम्पन्न गर्न आवश्यक नपुग बजेटको हकमा सम्बन्धित निकायमा शीघ्र पहल गर्ने ।

**३) हुलाकी राजमार्ग**

**समस्याहरु :**

- झापादेखि सप्तरीमा पर्ने आयोजनाको कार्यको लागि आवश्यक प्राविधिक जनशक्ति अपुग हुँदा कार्यमा वाधा परेको ।
- सडक क्षेत्रमा परेको स्थानीयको जग्गा अधिग्रहण गर्दा मुआब्जा हालसम्म नदिएको र नापी कार्यालयबाट सडक क्षेत्रको कित्ताकाट नभएको,

**सुझावहरु :**

- आयोजना शुरु र अन्तिम विन्दुमा कुल लागत र गुणस्तर समेत देखिने होर्डिङ बोर्ड राख्नुपर्ने,
- सडक क्षेत्रमा पर्ने घर टहराहरु सहमतिमै भत्काउन दिनेहरुको घर टहरा भत्काई हाल्नु पर्ने हुँदा ताकी अरु घरधनीहरुलाई पनि त्यसबाट असर पर्न सक्ने,
- सडकले ओगट्ने जग्गाको कित्ताकाट यथासमयमा प्रक्रिया पुऱ्याएर सडकको नाममा नामसारी गर्नु पर्ने,
- स्थानीय वासीहरुले स्वतःस्फूर्त जग्गा दिएको हो भने विना मुआब्जा जग्गा सडकको नाममा गर्न सकिने प्रावधानको उपयोग गर्नुपर्ने । यसको लागि स्थानीय मालपोत कार्यालय र नापी कार्यालयको सहयोग लिनुपर्ने,
- आयोजनाको वार्षिक कार्यक्रममा भएको चौमासिक लक्ष्य अनुसार नतिजा प्रगति स्थितिको आंकलन हरेक चौमासिकमा गरी निरन्तर अनुगमन गर्नुपर्ने ।
- आयोजनाको कार्यहरुको सुपरीवेक्षण तथा दैनिक कार्यहरुको लागि व्यवस्था गरिएको दरवन्दी अनुरुपका जनशक्तिहरुको समयमै पदपूर्ति हुनुपर्ने ।

**४) पोखरा क्षेत्रीय अन्तराष्ट्रिय विमानस्थल**

**समस्याहरु :**

- जमिन खन्ने क्रममा अनपेक्षित रुपमा Hard Soil (Conglomerate) आएको हुँदा लक्ष्य अनुरुपको भौतिक प्रगति हासिल हुन नसकेको ।
- आयोजनाको लागि आवश्यक थप जग्गा अधिग्रहण कार्यको सर्भे गर्ने क्रममा स्थानीय वासिन्दाहरुबाट अवरोध सिर्जना भएको । स्थानीयले बढी मुआब्जा माग गरेकोले मुआब्जा वितरणमा ढिलाई हुन गएको ।
- जमिन खन्ने कार्यलाई तिब्र गतिमा अघि बढाउन विस्फोटक पदार्थ प्रयोग गरी Blasting प्रक्रिया अपनाउनु पर्ने तर विस्फोटक पदार्थको खरिद प्रक्रिया झन्झटिलो भएकोले समयमै विस्फोटक पदार्थ उपलब्ध हुन नसकेको ।
- आयोजनामा अधिकांश चिनिया कामदारहरु रहेकोले सम्वादमा भाषागत समस्या रहेको ।

**सुझावहरु :**

- जग्गा अधिग्रहणको सर्भे कार्यमा स्थानीय वासिन्दाहरुबाट भएको अवरोधलाई अन्त्य गरी मुआब्जा वितरण कार्यलाई सहज बनाउन सरोकारवाला निकाय र समुदाय वीच छलफल गरी छिटो निकास दिनुपर्ने ।
- Blasting को लागि आवश्यक विस्फोटक पदार्थ समयमै उपलब्ध गराउन सरकारले आवश्यक नीतिगत निर्णय गरेर सहजीकरणको मार्ग प्रशस्त गर्नुपर्ने ।
- चिनिया कामदारहरुसंग सम्वादमा समस्या भएकोले दोभाषे नियुक्त गर्नुपर्ने ।

**५) सिक्टा सिंचाइ आयोजना**

**समस्याहरु :**

- पश्चिम मूलनहरको लाइनको विभिन्न स्थानमा माटो विषम प्रकृतिको घुलनशील (Dispersive) देखिएको ।
- नहरमा पानी पठाउँदा वा वर्षातको पानी पर्दासमेत High Seepage Head मा केही समय पछि माटो पानीसँगै घोलिएर जाने र त्यसले Sink hole वा tunnel निर्माण भई त्यसले नहरको दायाँतर्फको Wing Wall र त्यसलाई अड्याउनेडिल कमजोर बनाएको ।

- Dispersive प्रकृतिको माटोको कारण चेनेज १७७०० र ३५००० को बीचमा Tunnel Erosion भई Sink Hole हरू बनेको छ ।

**पश्चिम मूलनहरमा देखिएको समस्या :**

- नहरमा निर्मित नौवटा Aqueduct हरूको Upstream Approach र Downstream Departure हरूको Wing Wall हरूको लम्बाई तथा उचाई कम रहेको ,
- ती ठाँउहरूमा नहरको चौडाइ कम हुनगएकोले तिनै ठाँउहरूबाट नहर भत्किने प्रबल सम्भाबना रहेको,
- ती Wing Wall हरूको डिजाइन र निर्माण मितव्ययी रुपमा गरिएको भएतापनि हाल आएर सो प्रयास अपुग देखिएको ।

**सुझावहरु :**

- पश्चिमतर्फको मूलनहरको संरचनामा देखिएको घुलनशील प्रकृतिको माटोको समस्यालाई Soil Treatment Method को उपचार विधि वा घुलनशिल माटोको उपचारका अन्तर्राष्ट्रिय विधिहरू प्रयोग गरी संरचनाको संरक्षण गर्नुपर्ने ।
- वर्षातको पानीले समेत संरचनालाई क्षति पुऱ्याउन सक्ने भएकोले बर्षात अगाडि नै मर्मत कार्य गर्नु पर्ने र दिर्घकालीन संरक्षणको कार्य नहुदासम्म आवश्यक बैकल्पिक अल्पकालीन उपाय प्रयोग गरी नहरको संरक्षण गर्नुपर्ने ।
- आयोजनाको मूलनहरको निर्माण कार्य सम्पन्न भएको लामो समयसम्म पनि शाखा नहर निर्माण नहुँदा संरचनाको उपयोगमा ढिलाइ हुने सम्भावना भएकोले शाखा नहरहरुको निर्माण यथाशीघ्र सम्पन्न गर्नु पर्ने ।
- भविष्यमा आयोजना निर्माण गर्दा संरचनाको परिक्षण नहुँदासम्म निर्माणकर्तालाई नै प्राविधिक पक्षको जिम्मेवारी दिने गरी करार व्यवस्थापन गर्ने ।

**६) भेरी बबई डाइभर्सन बहुउद्देश्यीय आयोजना**

**समस्याहरु :**

- हेडवर्क्स तथा पावर हाउस निर्माण कार्यको लागि समयमै गृहकार्य नहुदा सुरुङ निर्माण सम्पन्न हुने अवस्थासम्म हेडवर्क्स तथा पावर हाउस निर्माण कार्य अपेक्षित रुपमा अगाडी बढ्न नसकेको, जसले गर्दा सुरुङ निर्माण सम्पन्न भइसकेपछि पनि उक्त संरचनाको उपयोग गर्ने अवस्था नरहेको।

- पावरहाउस र Exit Channel निर्माणस्थलमा ३२ हेक्टर जमिन अधिग्रहण गर्न मन्त्रिपरिषदबाट स्वीकृति प्राप्त भईसकेको तर उक्त क्षेत्रमा रुख कटान अनुमति लिने प्रक्रिया झन्झटीलो हुनाले आयोजना निर्धारित समयमा सम्पन्न गरी संरचना उपयोगमा ल्याउने चुनौति रहेको ।

**सुझावहरु :**

- आयोजनाको विभिन्न कम्पोनेन्टहरुको महत्वलाई ध्यानमा राखी समानान्तर रुपमा आवश्यक गृहकार्य गरी निर्माण गर्ने ।
- पावर हाउस र Exit Channel को निर्माण कार्य अगाडी बढाउन यथाशिघ्र खरिद प्रक्रिया शुरु गर्ने साथै सो सम्बन्धमा आवश्यक सहयोगको लागि मन्त्रालय र राष्ट्रिय योजना आयोगले समन्वय गर्ने ।

### ७) उत्तर दक्षिण (कर्णाली) लोकमार्ग

**समस्याहरु :**

- आयोजनाको शुरू विन्दु ० कि.मि देखि १.५ कि.मि. सम्म रहेको झोलुङ्गेपुल र त्यस क्षेत्रमा रहेको वस्तिको कारण डिजाइन अनुरूप पुल बनाउन प्रमुख समस्या रहेको ।
- प्रयोग भइरहेको झोलुङ्गेपुल भत्काउदा विद्यमान वस्तिलाई प्रत्यक्ष असर पर्ने हुँदा पहिले वस्ति स्थानान्तरण गरि पुल भत्काउनु पर्ने चूनौती रहेको ।
- मालसामान ओसारपसार गर्न ढुवानी कार्य महंगो हुन गएको ।
- आयोजनाको कार्यस्थलको बाटो सर्वसाधरणले पनि प्रयोग गर्नु पर्ने, मालसामान ओसारपसारको लागि खच्चड पनि त्यही बाटो भएर हिड्नुपर्ने हुदाँ सर्वसाधरणबाट अवरोध भएकोले कठिनाई हुन गएको ।
- वर्षातमा कतिपय ठाँउमा बाटोको बेस नै पखालेर लाने हुँनाले निर्माण कार्यमा समस्या भएको ।
- ब्लास्टिङ गर्दा ढुङ्गा उछिट्टिएर जस्ता प्वाल पर्ने र वर्षातमा घर भित्र पानी पस्ने समस्या रहेको ।
- बस्ति वरिपरि कन्ट्रोल ब्लाष्टिङ विधि अपनाउनु पर्ने, जुन जोखिमपुर्ण रहेको ।
- ट्र्याक खोल्ने कार्यमा हालसम्म १ जना नेपाली सेना र ४ जना स्थानीय कामदार सहित ५ जनाको ज्यान गइसकेको छ ।
- कठिन भौगलिक अवस्थाको कारण निधारित ३० मि. Right of way पुऱ्याउन महंगो र धेरै समय खर्च हुन जाने ।

**सुझावहरु :**

- कार्यक्षमता अनुरूप उपयुक्त बजेट विनियोजन गरिएमा निर्धारित समय अगावै कार्य सम्पन्न भई सञ्चालनमा आउन सक्ने देखिएकोले यसका निम्ति हाल विनियोजित बजेट भन्दा बढि रकम विनियोजन गरिनुपर्ने ।
- आयोजनाको सडक खण्डमा चौडाईमा एकरूपता नदेखिएले सडकको चौडाईमा एकरूपता कायम गरिनुपर्ने ।
- सडकको विभिन्न खण्डमा पर्ने Alignment संशोधन गर्नु पर्ने भएको हुँदा सो सम्बन्धी निर्णय सम्बन्धित माथिल्लो निकायबाट यथाशिघ्र गरिनुपर्ने ।
- आयोजनाको भौगोलिक जटिलता र जोखिमका कारण यसमा काम गर्ने श्रमशक्तिलाई थप प्रोत्साहन भत्ता उपलब्ध गरिनुपर्ने ।

### ८) मेलाम्ची खानेपानी आयोजना

**समस्याहरु :**

- राजनीतिक संक्रमणकाल लगायतका कारण जग्गा प्राप्ति र सहायक पूर्वाधार निर्माणमा लामो समय (२००१ देखि २००९)सम्म लाग्नु ।
- समय समयमा हुने स्थानीय अवरोध एवं स्थानीय वासिन्दाका मागहरु बढिरहनु ।
- China Railway Construction Corporation (CRCC) सँगको ठेक्का तोडी Cooperativa Muratori e Cementisti (CMC) सँग नयाँ ठेक्का सम्झौता गर्न थप समय लाग्नु ।
- राष्ट्रिय गौरवका आयोजनालाई कार्यान्वयनको सिलसिलामा थप नीतिगत सहुलियत नहुनु ।
- ठेक्का सम्भौताकर्ताको कमजोर नगद प्रवाह (NC: EURO Ratio 28:72) रहनु ।
- आयोजना प्रमुखहरुको छिटो छिटो सरुवा भैरहनु (२०५६ साल देखि हालसम्म ११ पटक)

**सुझावहरु :**

राष्ट्रिय गौरवको यो आयोजनाप्रति काठमाण्डौंका जनताहरु तीव्र प्रतीक्षारत छन् । अतः यस आयोजनालाई एकातिर छिटो सन्चालनमा ल्याउनुपरेको छ भने अर्कोतिर यसको संचालन, संभार र दीगोपनाको

सुनिश्चितता गर्नु परेको छ । यसको लागि माथि उठाइएका मूख्य सवालहरुको संबोधन गर्नु पर्दछ । यसको लागि Tunnel Surveillance System को दक्षता बढाउन उचित प्रविधि एवं प्राविधिक जनशक्तिको व्यवस्था र प्राकृतिक स्रोतबाट प्राप्त हुने लाभको बाँडफाँड गर्दा संघीयता कार्यान्वयनको सिलसिलामा ठीक नजिर बस्नेगरी निर्णय हुने व्यवस्था गर्नु आवश्यक देखिन्छ ।

**९) प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना, पोखरा, कास्की**

समस्याहरू :

- तरकारी उत्पादकलाई बजारको समस्या भई बिक्रीमा कठिनाई उत्पन्न भएको,
- हाइ-टेक ग्रिन हाउस भनिए पनि कुलिङ प्रविधि नहुँदा तापक्रम व्यवस्थापनमा समस्या हुन गई कतिपय तरकारी खुइलिन गएको,
- परियोजना इकाइको दरबन्दी अनुरुपको जनशक्ति नहुँदा कार्यान्वयनमा कठिनाइ उत्पन्न भएको । परियोजनाका लागि अति आवश्यक जनशक्ति जस्तो कृषि वैज्ञानिक, नापतौल तथा गुणस्तर विभागका जनशक्ति, परियोजना इकाइको स्थापना देखि हालसम्मको अवधिमा कोही पनि पदपूर्ति नभएको,
- कृषकको तर्फबाट १५ प्रतिशत लागत व्यहोर्नु पर्ने कारण साना किसानहरू यस कार्यक्रमको लाभबाट वञ्चित भएको,
- हाइ-टेक ग्रिन हाउस निर्माण र मर्मतका लागि जनशक्ति भारतबाट झिकाउनु पर्ने कारण यान्त्रिक समस्या समाधानमा कठिनाइ ।

**सुझावहरु :**

- परियोजना इकाइको दरबन्दी अनुरुपको जनशक्ति नहुँदा कार्यान्वयनमा कठिनाइ उत्पन्न भएको ( १४ दरबन्दी मध्ये, ९ पदपूर्ति भई ५ दरबन्दी रिक्त रहेको अवस्था) कारण दरबन्दी अनुरुप जनशक्तिको पदपूर्ति हुनुपर्ने,
- हाइ टेक ग्रिन हाउस निर्माणका लागि परियोजना कार्यान्वयनका लागि किसानको तर्फ १५ प्रतिशत योगदान दिनुपर्ने प्रावधान साना किसानलाई लागु गर्न नहुने,
- तरकारी उत्पादन भए पनि सो अनुरुपको बजारीकरणको समस्या पाइयो । अतः सो सुधारका लागि सहकारी मार्फत बजार प्रबर्द्धन गर्नुपर्ने,
- हाइ-टेक ग्रिन हाउस निर्माण र मर्मतका लागि बाह्मूलुकको जनशक्तिमा भरपर्नु परेको कारण यान्त्रिक समस्या समाधानमा कठिनाइ भएकोले उक्त कार्यको लागि दक्ष र सीपयुक्त जनशक्ति उत्पादन गर्न पहल गर्नुपर्ने ।

**१०) चन्द्रौटा तेस्रो साना शहरी खानेपानी आयोजना, कपिलवस्तु**

**समस्याहरु :**

- आयोजनाको महत्वपूर्ण कम्पोनेन्टको रुपमा रहेको मानव मलमूत्रीय फोहोर तथा स्लज प्रशोधन तथा व्यवस्थापनको कार्य हुन नसकेको,
- स्लज व्यवस्थापनका लागि आवश्यक जग्गाको उपलब्धता हुन नसकेको,
- आयोजना र नगरपालिकाको कार्य सञ्चालनमा समन्वयको अभाव रहनु, जसले गर्दा ठाउँठाउँमा पानीको पाइप फुटेर पानी फोहर हुने र खेर जाने गरेको ।

**सुझावहरु :**

- आयोजनाको विस्तृत अध्ययन, डिजाइन तथा आयोजना तत्परता अप्राइजल गरेर मात्र आयोजना कार्यान्वयन कार्य अगाडि बढाउनु पर्ने ।
- नगरपालिकाले योजना बनाउने चरणमा नै सम्बन्धित सरोकारवालासँग समन्वय गर्ने ।

## ९. मन्त्रालयस्तरीय विकास समस्या समाधान समितिको वैठक विवरण

| क्र.सं. | मन्त्रालय/निकायको नाम | मिति |
|---|---|---|
| १. | उर्जा, जलस्रोत तथा सिंचाइ मन्त्रालय | २०७५/०८/१८-१९ |
| २. | श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय | २०७५/०८/२६ |
| ३. | सञ्चार तथा सूचना प्रविधि मन्त्रालय | २०७५/०८/२६ |
| ४. | कृषि तथा पशुपंछी विकास मन्त्रालय | २०७५/०९/०२ |
| ५. | खानेपानी मन्त्रालय | २०७५/०९/०४ |
| ६. | युवा तथा खेलकूद मन्त्रालय | २०७५/०९/०४ |
| ७. | वन तथा वातावरण मन्त्रालय | २०७५/०९/०५ |
| ८. | भूमि व्यवस्था, सहकारी तथा गरिवी निवारण मन्त्रालय | २०७५/०९/०६ |
| ९. | संस्कृति, पर्यटन तथा नागरिक उडड्यन मन्त्रालय | २०७५/०९/०६ |
| १०. | महिला, वालवालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय | २०७५/०९/०६ |
| ११. | गृह मन्त्रालय | २०७५/०९/०८ |
| १२. | संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय | २०७५/०९/०८ |
| १३. | उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय | २०७५/०९/०८ |
| १४. | रक्षा मन्त्रालय | २०७५/०९/०८ |
| १५. | अर्थ मन्त्रालय | २०७५/०९/०८ |
| १६. | शहरी विकास मन्त्रालय | २०७५/०९/०८ |
| १७. | राष्ट्रिय पुनःनिर्माण प्राधिकरण | २०७५/०९/०८ |
| १८. | स्वास्थ्य तथा जनसंख्या मन्त्रालय | २०७५/०९/०९ |
| १९. | भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय | २०७५/०९/१० |
| २०. | शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय | २०७५/०९/१० |
| २१. | राष्ट्रिय योजना आयोग | २०७५/०९/१३ |